# सन्तानहरू
(कविता–सङ्ग्रह)

**रामकृष्ण सुनुवार 'आँकाला'**
Sunwar.rk1097@gmail.com

**विश्व नेपाली साहित्य महासङ्घ**
**केन्द्रीय समिति**
www.gfnl.org

# सन्तानहरू

(कविता-सङ्ग्रह)

**रामकृष्ण सुनुवार 'आँकाला'**

प्रथम संस्करण : २०६७ (१,००१ प्रति)
सम्पादक : http://prabasrahar.blogspot.com
सह-सम्पादक : http://paramdhamdarsan.blogspot.com
प्रकाशक : विश्व नेपाली साहित्य महासङ्घ, केन्द्रीय समिति
अनलाइनमा PDF
प्राप्त हुने पुस्तकालय : www.nepaliliterature.com/pustakalaya.php
सर्वाधिकार : कविमा
आवरणकला : रमेश पौडेल
मूल्य : रू. १२५।- सार्क राष्ट्रहरूमा, (अन्यत्र अमेरिकन $ ५)
मुद्रण : शुभदृष्टि छापाखाना, काठमाडौं
ISBN : 978-9937-2-3182-4

Ramkrishna Sunwar "ANKALA"

**SANTANHAR00**

(A collection of poems from Diaspora)

# समर्पण

बोर्नियो टापुको लडाइँमा होमिएको बेला घना जङ्गलभित्र
हात्तीसुँढे पानीमा निथ्रुक्क रूझ्दै, विशाल रूखको आडमा
कीराफट्याँग्राहरूको टोकाई सहँदै, दुश्मनको गोलीको
पर्वाह नगरी सेन्ट्री बसेको बेला गाउँमा विद्यालय
खोल्ने कल्पना गरेर सबै गाउँबासीहरूको
सहयोगमा सपना साकार बनाउनुहुने
उनै पुज्यनीय **पिता स्व. जङ्गबहादुर सुनुवार**
र
**माता श्रीमती मनकुमारी सुनुवार**
तथा सम्पूर्ण रहर वा करले प्रवासिएका
नेपाल आमाका सन्तानहरूप्रति ।

# नेपाली साहित्य सिर्जनामा समर्पित रामकृष्णको हार्दिक स्वागतमा केही शब्द

●डा. गोविन्दराज भट्टराई

अघि बेलायत पुगेको बेला रामकृष्ण सुनुवारबारे सुनेको थिएँ। विश्वासदीपले भेट गराउने प्रयत्न गरेका थिए, तर चाँजो परेन। साहित्यिक अभिरुचि एवम् सिर्जनात्मक क्षमता भएका व्यक्ति भएकाले मैले भेट्न चाहेको थिएँ।

गतवर्ष रामकृष्णले सुनाए– 'सर म कविता सङ्ग्रहको तयारी गर्दैछु।'

त्यसपछि बिस्तारै हाम्रा इमेल चल्न थाले।

यो वर्ष उनले एक बाकस कविता इमेलमा पठाए र भने– 'मार्च–अप्रिलतिर यसको प्रकाशन–विमोचनको उद्देश्यले नेपाल आउने छु। तीमाथि भूमिकाको लागि आग्रह गर्दछु।'

त्यो इमेल टाढाको भूगोलबाट, एक अन्यभूमि इराकबाट आएको थियो। त्यसो त सिङ्गापुरमा जन्मेका रामकृष्ण मकाउ, ब्रुनाई, बेलायत जस्ता अनेक देश घुम्दै यतिखेर इराकमा पुगेका देखिन्छन्। एउटा सैन्य आभूषणमा कर्तव्यमा हृदयले। पूर्वी टिमोर, बोस्निया, अफगानिस्तान इराकजस्ता ठाउँहरू गृहयुद्धको डढेलोले सल्केर आधाउधी जलिसकेका हुन्। ती ठाउँमा बेलायती सैन्यको उपस्थितिलाई रामकृष्णको यात्राले अर्थ लगाउँछ।

केही अघि अफगानिस्तानको भीरबाट 'एथेन्सको झरी' लिएर आएका केदार सुनुवारपछि बेलायतका टंक वनेम अर्को सङ्ग्रह प्रकाशनको प्रतीक्षामा छन् भने १५ जना बेलायती सैन्य सेवामा हुनेहरूको नयाँ कविता– सङ्ग्रह 'रिफ्लेक्सन्स् बियोन्ड बोर्डर' (सीमाहीन बिम्बहरूको अङ्ग्रेजी अनुवाद) नजिक राखेर प्रकाशनको यात्रालाई सघाउँदैछु। यी

सैन्यहरूले नेपाली साहित्यमा गरेको योगदान सम्झिँदा, अनेक प्रतिकूलतामा पनि स्रष्टा चेतना बोकेर कुधेको देख्दा बडो आनन्द लाग्छ, उनीहरूको अधिक प्रशंसा गर्न मन लाग्छ। नेपालीमा यस्तो प्रकारको सैन्यसाहित्यको भण्डार ठूलो भइसकेको छ, तर त्यसतिर हाम्रो ध्यानदृष्टि नपुग्नाले तिनको अध्ययन- अनुसन्धानको परम्परा थालनी हुन नसकेकाले त्यो साहित्य कुण्ठित र उपेक्षित छ। साहित्य अध्ययन-विश्लेषणका प्रशाखाहरू जति विस्तारित हुँदै गए त्यति नै सबैमा न्याय हुन्छ, तर हामी पछि छौँ- सैन्यसाहित्यको प्रकृति र स्वरूपको प्रारम्भिक विश्लेषण पनि भएको छैन। सैन्यसाहित्य, मिलिटरीसाहित्य, ट्रेन्चसाहित्य सबै जोडिएर युद्धसाहित्यको छाताभित्र पर्दछन्।

सैन्यले बन्दुक र युद्धमात्र लेख्तैन। उसको त्यो पेशा मात्र हो तर हृदयमा भावनाले सञ्चालित अनेक संवेदना र अनुभूति हुन्छन्। सिर्जनाको प्यास बोकेको प्रत्येक व्यक्ति मेडिकल साइन्सेज्मा पुगोस् या अध्यापनमा, कृषिकर्म गरोस् या सैन्यमा सिर्जनाको तिर्खा मेट्ने बेला सबै एकै तहका हुन्छन् र एउटै भाषा बोल्छन्। त्यो हो हृदयको र मस्तिष्कको भाषा, संवेदना र भावनाको भाषा। सबै साहित्यकारको एउटै भाषा हुन्छ मानवताको विश्वभाषा।

तर प्रत्येक सिर्जनामा स्रष्टाको भूगोल, सामाजिक परिस्थिति, इतिहास र वर्तमानको भोगाइको रङ्ग पसेको हुन्छ। वर्तमानको भोगाई स्थानीयमा सीमित छैन, भुमण्डलीय व्यापकतामा मिसिएको छ, ग्लोबलतायुक्त छ।

यस्ता यथार्थता सम्झेर मैले भाइलाई पढ्ने स्वीकृति जनाएँ। अझ यस्ता विविध भूमिमा सधैँ हिंडे पनि नेपाली साहित्यको सेवामा समर्पित उनलाई स्वागत गर्नु हाम्रो प्रथम कर्तव्य हो भन्ने लाग्दछ। यसरी अनेक डायास्पोरिक भूभाग, संस्कृतिबाट उत्पादित साहित्यले नै नेपाली साहित्यको विशाल भण्डारलाई अझ चुल्याउँदै लान्छ। त्यसमाथि पनि आफ्नो लक्ष्य नै साहित्य सिर्जना बनाएर समर्पित भएका रामकृष्णले कविता, कथा, निबन्ध र दर्शनतिर अभिरूचिकासाथ सिर्जना गरिरहेका छन्। डायास्पोरिक नेपाली साहित्यको सम्बर्द्धनमा उनको प्रत्यक्ष प्रेरणा र सहयोग छ। उनका अनेक रचना 'पर्वत'मा प्रकाशित र 'बिएफबिएस'को 'कविताकुसुम' कार्यक्रममा प्रकाशित देखिन्छन्। उनी साइबर जगत्बाट पनि यसैको सेवा गर्दैछन्। रामकृष्णका कविताले विविधतापूर्ण अनुभूति प्रकट गर्दछन्। यिनको केन्द्रमा त यायावरीय जीवन छ, त्यसले छुन चाहेको सम्झनाको मनोजगत् छ। त्यो उठेर अतीत विचरण गर्दछ, स्वदेश पुग्छ, हिंडेका बाटा र छुटेका परिवारजन अनि प्रतीक्षारत मायालुका सम्झना टिप्न खोज्छ।

बेलायती/भारतीय सैन्य सेवामा प्रवेश गर्ने सबै–सबैको जीवनबृत्त बायोग्राफ्री यस्तै हुन्छ। अनुभवको विविधता र स्मृति खेल्ने अनेक स्पेशले गर्दा यस्तो भएको हुन्छ।

तर हृदयमा जन्मभूमि हाँसेको छ अथवा मलीन आकृतिमा उभिएको बादलको घामझैं छेकिन्छ, देखिन्छ, उनको आमा म अबुझ छु पढ्दा वीरेन्द्रको नेपाल आमासितझैं प्रतिध्वनित हुन्छ।

*सैन्दर्यले भरिपूर्ण भइरहेकी*
*झुत्रो मझेत्रो ओढेर रोइरहेकी*
*प्रकृतिको देन छ तिमीमै सब खानी*
*वरिपरिका भन्छन् यी हुन स्वर्गकी रानी*
*हे आमा म अबुझ छु।*

दार्जिलिङबाट वीरेन्द्रले नेपालतिर फर्केर एकदिन यस्तो क्षोभ, पीडा र पश्चात्ताप बोलेका थिए आफ्ना नेपाल आमासित कवितामा यसरीः

*मेघले जस्तै उँभो उक्लिएर*
*पत्रैपत्र पहाड नाघ्न सक्ने भए*
*म कालो मेघझैं चिसो आँसु*
*तिम्रो काखमा कतिकति पोखिसक्ने थिएँ आमा !*

रामकृष्णका धेरैजस्तो कविता सैन्य जीवनका अनुशासन घेरा कठोर कर्तव्य पथ र बाध्यता बोधले गरिएका क्षणमा उत्पन्न छन्। जस्तै बाध्यतामा, आफैलाई सम्झाउँछ एक योद्धाले–

*तिमी धूवाँको कार्पेट ओछ्याएर*
*ग्यास च्याम्बरभित्र बन्द जिन्दगीलाई*
*बन्धक राखेर सारा भविष्य*
*स्वर्णिम सपनामा डुबुल्की मार्दै छौ।*

उनका यस थिमका अन्य कवितामा एक पक्ष निदाउँदा, विल्टन टावर, इतिहासको पाना पल्टाउँदा छाती चिरिन्छ, आफूलाई खोज्दा, अस्तित्ववोध, बिडम्बना, नरिसाउनुस् है, पल्टनघर, लाहुरेको प्रियसीलाई पत्र, ओम शान्तिजस्ता अधिकांश कविताले एक लाहुरेको जीवन उसका सपना र यथार्थता, उसको दैनिकी र वार्षिकी बताउँछन्। ती दुरुस्त भोगिएका यथावत अनुभूति कथालाई उनले कवितामा ढालेका छन्। 'मामा' 'भान्जा' शब्द पनि लाहुरे संस्कृतिमा चल्दछन् भने अधिकांश कवितामा लाहुरे हुनुको, नेपाली हुनुको अस्तित्ववोध गहिरो छ र कवि

आफ्नो पहिचानको खोजी र व्याख्यामा हराएका छन्। प्रश्न छ नेपाली जाति किन चलायमान छ सधैँ, किन टाढा पुगेर अनेक सपना बोक्तै व्यथाहरूको खेती गर्छ ? आज ऊ आफ्नो अस्तित्वको खोजी गर्नुपर्ने स्थितिमा छ। उसलाई–

*सुडान, सिङ्गापुर, बोर्नियो*
*आदिमा चिरिएको छाती*
*अनेकौँ देश–देशान्तर घुमेर*
*फकल्यान्ड र अफगानिस्तानसम्ममा भेटिन्छ।*

भेटिन्छ त्यसैले कवि स्वपहिचानको खोजीमा भौँतारिएका छन्। यो जीवन यी सारा कर्महरू कठोर बन्धन लाग्छ। म आफूले आफैलाई खोज्दै हिंड्दा पिँजडाभित्र थुनिएको चराजस्तो जीवन भएको छ।

त्यसो त प्रत्येकको जीवन एक न एक कारागारमा छ तर वन्धुवान्धव र मातृभूमिभन्दा भिन्न, अनेक डायास्पोरिक स्पेशमा होसियारी, चिन्ता र असुरक्षाको जीवन बाँच्नु पर्दा आफ्नो अस्पष्ट परिचयमाथि प्रश्न गर्न मन लाग्छ। नेपाली युवा अन्य मुलुकका सैन्य सेवामा जानु विवशता हो कि बाध्यता, रहर, अनिवार्यता वा इतिहासको भूल ? यो प्रश्न प्रत्येक दिन उठेको छ। रक्ष राईले, विश्वासदीपले, अरू सीमाहीन बिम्बहरूका, ग्रिनविचका प्रतिध्वनिहरूभित्रका कवितामा, गणेश राईको कृतिमा यो प्रश्न उठेर पहेलीझैँ अनुत्तरित छ। केदारले अरू प्रश्न गरेका छन्। उनलाई त्यो टडकारो छ–

*मलाई अस्तित्वको महत्त्व थाहा नभएरै होला*
*सोह्र कौडीहरूमा*
*स्फूर्तिका साथ छाती पिटिरहेको हुन्छु।*

विसङ्गतिपूर्ण छ जीवन। अधिकांश कविताले त्यो बोध गराएका छन्। जीवन अर्कै कारागारमा चल्मलाउँछ, उनी बोल्छन्–

*सपनाहरू चपाएर कुरुम–कुरुम*
*विपनाहरूलाई कुल्चिएर*
*पथभ्रष्ट यात्री झैँ..।*

तर मजबुरी छ ज्यादा। त्यसैले राईफल छातीमा भिरेर, कालो बुटमा पट्टी कसी, ऊ हिंड्छ भने अरू पनि आआफ्ना मजबुरीमा छन्।

अन्य विविधस्तरका कविता छन्– आमा! एउटा आशावादी युवकमा उच्च अकाङ्क्षा एक उल्लेख्य कविता हो भने लोक केही भाकाका गीति

कविता छन्। हेल्वान क्याम्प मलाई त्यस्तो लाग्छ। त्यहाँ भिन्न भूमिको मनोरम प्रकृतिले नेपाली मानसका बिम्बहरू छुन्छ। एउटा सुन्दर कविता छ ओम शान्ति जहाँ कवि बोल्छन्–

*पोचेसमा बोकेको ग्रिनेड*
*मसीको भाँडो बजेको पाउँछु।*

त्यसरी संहारक शस्त्रास्त्र लेस भएको शरीरमा म एउटा कवि भावना भएको व्यक्ति उचालेर हिँडिरहेको छु। जीवनको सारा लक्ष शान्ति छ, सिर्जना छ, अन्य जीवनको एक शान्तिकामी सँगसँगै छ। रामकृष्णलाई त्यही व्यक्तिले कविता लेखायो।

अन्य प्रकारका प्रेमका, सम्झनाका, अथाह उठेका विरहका, गहिरा इच्छाका कविता छन् तिनमध्ये एउटा विशेष उल्लेख्य छ। त्यो हो ब्रुनाईमा डढेलो जाँदा प्रकृति र प्राणीहरूको प्रश्न यसले विश्व पर्यावरणीय चेतना प्रकट गर्दछ। यो नेपाली 'इको–पोएट्री'को एक सुन्दर नमूना हो।

विविध विषयवस्तुका र मनोभावका मुडका कविता लिएर आएका भाइ रामकृष्ण सुनुवारको सन्तानहरूमाथि यतिमात्रै बोल्न चाहन्छु। 'सन्तानहरू' उनको शीर्ष कविता हो। यसमा विवशताले, रहरले कुनै प्रकारले छरिएका, भौँतारिएका, दुःख पाएका नेपाली सन्तानको सम्झना छ।

एउटा कुरा भन्न म लागेको छ– रामकृष्णको शैली र कला माझ्ने ठाउँ छ; भाषामा परिष्कार चढ्दै जानु पर्छ। सबैजसो कविता विभिन्न माध्यममा पूर्व प्रकाशित हुन् तथापि भाइले अझै शैली खार्ने, खिप्ने र झन टल्काउने कर्म गर्नेछन्। किनभने कविताको वाणी बिम्ब, प्रतीकले, सङ्क्षेपमा ईशाराले बोल्छ भन्ने आकाङ्क्षा राख्दै यहीँ रोकिन्छु। कविताले कलात्मक निखार भाषाको सूक्ष्म प्रयोग भएको जादुगृह बढी रुचाउँछ। तर एक नयाँ भाइको आगमनमा खुसीले फूलमालासँग आँगनमा उभिएको छु। उनी विशाल नेपाली साहित्य भण्डारका एक अविश्रान्त पथिक हुन्। भर्खरै स्थापना भएको विश्व नेपाली साहित्य महासङ्घले बढाएको यो प्रकाशन पाइलाको पनि स्वागत गर्दछु। यति भन्दै यी शब्दहरू असीम भाइलाई जिम्मा लगाएको छु।

१७ फागुन, २०६७
टयाङ्लाफाँट, कीर्तिपुर

tu.govinda@gmail.com

प्राध्यापक (अङ्ग्रेजी)
त्रिभुवन विश्वविद्यालय
काठमाडौँ, नेपाल

# सन्तानहरूको कृतज्ञता

नेपाल आमाका सन्तानहरू गाँस, बास र कपासको जोहो गर्न संसारभरि यत्रतत्र छरिने क्रममा लाहुरेको उपमा लिएर समस्याको झोली भिरेर हङकङको सेकङस्थित मलाया छाउनी, ब्रिगेड अफ गोर्खाजको नवसैन्य तालिम केन्द्रमा तालिम लिने क्रममा मनोरञ्जनार्थ दौँतेरीहरूबीच गीत गाउने, नाच्ने, चुट्किला, कथा र कविता भन्ने क्रममा यदाकदा कविता लेख्ने र सुनाउने गर्दा क्यान्टरबरी टेल्समाजस्तै सानो भूमिका करैले निभाउनु पर्दथ्यो। तालिम पूरा गरेर पल्टन घरमा प्रवेश गरेदेखि ब्रिगेड अफ गोर्खाजको साप्ताहिक पत्रिका 'पर्वते' र बिएफबिएस (ब्रिटिस फोर्सेस ब्रोडकाष्टिङ सर्भिस) को 'कविताकुसुम' साप्ताहिक रेडियो कार्यक्रममा लेखरचना पठाएर मनोरञ्जन गर्ने र गराउने क्रमसँगै जन्मिएका यी कविताहरूलाई खासै पुस्तकाकार रुप दिने मेरो योजना थिएन।

पल्टनमा नयाँ पिँढीका जवानहरू प्रवेश गरी साहित्यक माहौल जमाउने क्रममा दैनिक कार्यहरूलाई ध्यानमा राख्दै होष्टेमा हैँसे थप्न मात्र सकियो अग्रजको रूपमा। पटक–पटक पुस्तकाकार रुप दिनलाई नियात्राकार, कवि तथा गीतकार विश्वासदीप तिगेलाले झकझकाउँदा समेत गहिरो निद्रामा परिरहे सन्तानहरू।

हङकङ छोडियो, राजतन्त्र मासियो, सुनामीले उजाड्यो, ट्विन टावर ढालियो, इराक र अफगानिस्तानमा आक्रमण गरियो, सन्तानहरूले कानमा तेल हालेर बसे। यद्यपि फर्केर हेर्दा २३ वर्षपछि कोही हँसिलो त कोहीले निन्याउरो र आशोन्मुख नजरले हेरे, गिज्याए उनीहरूले बेस्कन मलाई। लाग्यो कानो, खोरोन्डो, लङ्डो जस्तै भए पनि मैले प्रजनन गरेर जन्माएका सन्तानहरूलाई पुस्तकाकारको रूप दिनै पर्छ। सन्तानहरू जन्माउन आमाहरूले जति दुःख खेप्नु पर्दछ, यो पुस्तक प्रकाशन गर्नुको

लागि त्यत्ति नै निस्वार्थ, निसन्देह भावनाले आफ्नो अमूल्य समय खर्चेर सहयोग गरिदिनुहुने सम्पूर्ण श्रद्धेय महानुभावहरू, अग्रज स्रष्टाहरू तथा सहयात्रीहरूमा साधुवाद नटक्र्याई न्वारण गर्न नसकिएला कि भन्ठानेको छु ।

कुपोषणले गर्दा बाउन्ने भएका सन्तानहरूलाई भरणपोषण गर्ने वचन र साथ दिनुभयो वरिष्ठ साहित्यकार प्रा.डा. गोविन्दराज भट्टराईज्यूले। उहाँले  एक वर्षअघि बेलायतमा भेट हुँदा झिनो आशा मौलाइदिनुभएको थियो- 'साहित्य अमर हुन्छ, सृजना राम्रा रहेछन्, पुस्तकाकार दिने मनसाय भए दिलको ढोका खोलेर स्वागत छ, मद्दत गरौँला।' सायद तिनै क्षण नजिकिए छन् क्यार, उहाँले यति छोटो समयावधिमा पुस्तक प्रकाशन गर्नु परे पनि अमूल्य दुई  शब्द लेखिदिनु भई सन्तानलाई जीवित तुल्याउने हौसला मात्र नदिई ढाकर बोकाउनुभएको छ- डायस्पोराका साहित्यकारहरूलाई अविस्मरणीय सहयोग, सदभावना र हौसला दिएर। त्यस्तै मेरा सन्तानका लागि अमूल्य समय खर्चेर दुई शब्द पोखिदिनु हुने कवि तथा प्राज्ञ श्रवण मुकारुङ र भाषासम्पादन गरिदिनुहुने कवि शशी लुमुम्बूप्रति म आभारी छु। यसैगरी सुन्दर आवरणकलाले मेरो कृति सजाइदिनुहुने कवि, गीतकार तथा रेडियो नेपालका वरिष्ठ सञ्चालक रमेश पौडेलज्यूलाई ऋण चोख्याउन अन्तरहृदयबाटै धन्यवादमात्र दिन सकेँ यसबेला।

प्रवास रोजाइको क्रममा करिब एक दशक जतिका दिनचार्यसँगै उठबस गर्दै बिताउँदा यदाकदा साहित्यिक गोरेटोहरूमा आफ्नै कुनामा दुना सोझाउन व्यस्त सहयात्री, वरिष्ठ कथाकार तथा कवि रक्ष राईज्यूले भूमिका लेखिदिनु भई कृति प्रकाशनमा हौसला थपिदिनुभएकोमा र जन्मदाताहरूले यौवनावास्थामा बिहे गर्न सन्तानहरूलाई झकझकाएझैँ 'हातोलाई भन्दा जाँतोलाई सकसक' चरितार्थ पार्दै सधैँ कृति निकाल्न घचघच्याई रहनुहुने सहकर्मी, नियात्राकार, पत्रकार, सम्पादक, गीतकार तथा गायक विश्वासदीप तिगेलाको म ऋणी छु। कवि तथा नियात्राकार केदार सुनुवार 'सङ्केत'ले हौसलाको पोको र अनेकौँ सल्लाहसुझावका साथै अमूल्य शब्दहरू दिएर धन्य पारिदिनुभएको छ सन्तानहरूलाई।

काखे प्रकट र प्रबुद्धलाई एक्लै जन्मदाताको भूमिका निभाउन कम्मर कसेर समय-सन्दर्भ लोप भइसकेका कविताहरूलाई खोजेर सङ्कलन गरी सारा तजबिज मिलाउन सहयोग पुऱ्याइदिने अधाङ्गिनी श्रीमती सुषमाकुमारी सुनुवारलाई सधैँ छातीको बायाँ पाटोभित्र लुकाइराख्ने छु युगयुगान्तार।

करले जबर्जस्ती गरेर लत बसेपछि मनको मोडले रहरसँग मितेरी गाँस्न पुग्ने रहेछ। इराक प्रवेशको क्रममा एक जना शुभेच्छुकसँग च्याटमा यहाँको वस्तुस्थितिको जानकारी गराउँदा 'त्यस्तो आगोको भुङ्ग्रोमा किन हाम फाल्नुभएको' भनी अति संवेदनशील प्रश्न सोध्नुभएको थियो। 'यस्तै ज्वालामुखीलाई कुल्चेर हिँड्ने आदत बस्यो, अन्य ठाउँमा त सन्तुष्टी नै मिल्दैन' ठाडो जवाफ दिएँथेँ मैले। यद्यपि यो भूमि अस्पताल बनिदियो सन्तानहरूको। पल्टनघरदेखि प्रजनन गरी गर्भाधारण भएका सन्तानहरूले जन्मने मौका पाउने समय उपलब्ध गराइदिने माईसान भूमिलाई मुस्लिम धर्मावालम्बीहरूले दिनको पाँच पटक जमिन ढोग्ने क्रममा एकपटक बढी ढोग्न मन लागेको छ। अनेकौँ स्थान र अवस्था सृजना गरिदिने प्रवासको 'पल्टनघर', 'पर्वते' पत्रिका र 'कविताकुसुम' कार्यक्रम (हङकङमा छँदा) का सम्पूर्ण सञ्चालक-सञ्चालिकाहरूलाई सन्तान प्रजनन प्रक्रिया उर्वर बनाउने मेरो महत्वकांक्षामा साथ दिनुभएकामा साधुवादबाहेक केही टक्र्याउन सकिनँ।

- रामकृष्ण सुनुवार "आँकाला"
Sunwar.rk1097@gmail.com
हालः बेलायत

# कविताक्रम


❖ आमा म अबुझ छु
❖ बाध्यात्ता
❖ एकपक्ष निदाउँदा
❖ रक्सी
❖ आरु बखडाको बोट
❖ ढुङ्गाका मुर्तिहरु
❖ सत्य
❖ पोखराको सम्झना
❖ तस्बिर हेर्दा
❖ विल्टन टावर
❖ इतिहासको पाना पल्ताउँदा छाती चिरिन्छ
❖ एक माघले जाडो जाँदैन
❖ आफूलाई खोज्दा
❖ बुनाईमा डढेलो जाँदा प्रकृति र प्राणीहरुको प्रश्न
❖ झरी
❖ सन्तानहरु
❖ अधुरो सपना
❖ अस्तित्वबोध
❖ आँसु
❖ आधार
❖ भताभुङ्ग
❖ बिडम्बना
❖ दफा नम्बर एकलाई पत्र

- जीवन
- मजबुरीहरु
- युवती
- नरिसाउनस् है
- नयाँ पिँढी
- पल्टनघर
- म पनि विदेश जान्छु
- पर्दा पछाडि
- काल्पनिक जिन्दगी
- सम्झना
- सोच
- लाहुरेको प्रियसीलाई पत्र
- तीन टुक्रा
- चक्षु
- सन्देश
- सुल्केरी
- संसार यस्तै छ
- आमा
- हेल्वान क्याम्प
- ममता खानी
- वर्तमान बोल्छ
- ॐ शान्ति
- एक्लो भँगेरा
- ब्युँझाइदिन्छ
- वास्तविकता
- यात्रा
- एउटै बाटो
- काल
- महङ्गी

# आमा म अबुझ छु

हे आमा ! म अबुझ छु
बोल्न खोज्छु भाव मिलाई
लेख्न खोज्छु कलम समाई
खै ! किन हो किन जान्दिनँ नै
सोच्छु कपाल समाई
मन रूवाउँछु पछुताई
हे आमा ! म अबुझ छु

तिम्रै कोखमा जन्मी हुर्कें
जवानी यौवन पाई झन फुर्कें
तर उमेरानुकूल केही न गरेँ
बराबर बाँढिनौ किन पछुताउ परेँ
हे आमा ! म अबुझ छु

आँखा त सबैको भित्रचाहिँ खै !
वर्णन तिम्रै गर्छु भनेथेँ, बसेँ अञ्जान भै !
पढ्नु, लेख्नु, मनन गर्नु मूर्ख त मै
जीउनु पनि कठिन भो ! के छ र बाँच्नु नै
हे आमा ! म अबुझ छु

बल र बुद्धि दुबैको नै छ शक्ति
सेवा नै ठूलो सबै गर्छन भक्ति

केही जान्दिनँ म, आँखामा छ पट्टी
तिम्रो कोखमा मरेर कसरी पाउनु मैले मुक्ति
हे आमा ! म अबुझ छु

सौन्दर्यले भरिपूर्ण भइरहेकी
झुत्रो मझेत्रो ओढेर रोइरहेकी
प्रकृतिको देन छ तिमीमै सब खानी
वरिपरिका भन्छन् यी हुन स्वर्ग रानी
हे आमा ! म अबुझ छु

आउनु र जानु बराबर गर्छन्
दुःखले रेटिएर कति रोई मर्छन्
बाटो सबैको एउटै नै समान
भाव र दृष्टी फरक छोडी देलान्
हे आमा ! म अबुझ छु

●

*पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका)मा प्रकाशित*

# बाध्यता

गम्लङ्गै धूवाँको कम्मल ओढेर
रात गुजार्न बाध्य छ
विषालु कार्वन मनोअक्साईडमा
स्वास फेर्न बाध्य छ ।

क्षणभरको जिन्दगीमा
तिम्रा खुशीहरू कैद छन्
कतै रक्तपिपासु टाटे बाघ
वा चीलको पञ्जाभित्र
सुन्दर, शान्त र स्वच्छ मस्तिष्क
कैद छ केही हदको लागि
स्वतन्त्रताको खोजीमा
चटपटाउन सक्दैनौं
विचार व्यक्त गर्न सक्त मनाही छ।

प्रत्येक गाँस खुवाइमा
अलिकति दुषित हावा मिश्रित हुन्छ
हरेक घुड्को पियाइमा
विषालु हावा मिश्रित हुन्छ
चीरनिद्रामा समेत
विषैविष सुस्काउँदै छौ
यस्तो किन हुँदै छ ?

मात्र बाध्यता ओकलिँदै छ ।

तिमी धूवाँको कार्पेट ओछ्याएर
ग्याँस च्याम्बरभित्र बन्द जिन्दगीलाई
बन्धक राखेर सारा भविष्य
स्वर्णिम सपनामा डुबुल्की मार्दैछौ
तिम्रो आँखाको रोशनी हराए
सायद कसैले तिम्रो बाटो हेरिदेलान्
तिम्रो फोक्सो थोत्रिँदा
कसैको कृतिम अङ्गले बाँच्न सकौला ।

रक्तस्नायु तथा मस्तिष्कमा
खिया लागेको दिन
तिमी बेहोसीमा
भिक्षा माग्दा बेवास्ता गरिँदासमेत
सोच्न सक्ने छैनौ
बोल्न पाउने छैनौ
चौबीसै घण्टा कालो विषालु धूवाँमा
किन चुपचाप रमाइरहेछौ ?
मात्र तिम्रो बाध्यता ओकलिँदै छ ।

●

*पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका)मा प्रकाशित*

# एक पक्ष निदाउँदा

स्वप्नमा आकाशको अर्ध चन्द्रमा
ग्वार्लम्मै धर्तीतिर घुइँकिदा
चुक घोप्टिएझैँ अँधेरी रातले
मस्त निद्रामा आलिङ्गन गरिन्
मलाई ऐठन परेछ क्यारे !
एक्कासि म भौँतारिएर बकबकाउन थालेछु ।

पानी उस्तै हुन्छ महासागरहरूको
लोभी मान्छेले सिमाना लगाउँछ
अंशबण्डा गर्दछ धर्ती माताको

अलिकति फाल्टै भाषा–भेषभूषाको
अनेकौँ नियम–कानुन बनाउँछ
यो र यत्ति मेरो हो
गर्वका साथ
अहँकारी अधिकार जमाउँछ ।

लक्ष्मणरेखा पार गरेर कोही घुसे भने
नानाथरीको लाञ्छना लगाउँछ
तँ गरिब, शक्तिविहीन राज्यको मान्छे
सामर्थ्य छ टिक्न यहाँ ?
धम्की बर्साउँछ/नानाथरी गरी तर्साउँछ
म अवाक बनी तमासा हेरिरहेछु ।

पङ्क्तिमा उभिएका
दुई सय वर्षदेखि घाँटी दबाइएका
जे भने पनि हुन्छ
हजुरको मूलमन्त्र सिकाइएका
अति सोझा मामाहरूको उस्तै व्यथा देख्छु
अर्कातिर अति आधुनिक कहलिएका
विदेश त स्वर्ग भन्ठानेर
शिक्षा र पेशाको लालच बोकेर
गाँस, बास, कपासविहीन
कमण्डलु बोक्न बाध्य बनाइएका
भाञ्जाहरूको व्यथा सुन्छु
समय र परिस्थितिमात्र फरक
उही मान्छे, उही व्यथा, उही दुर्दशा।

कुर्सीको अभिलाषा बोक्ने
च्याउ नेताहरू
अल्लाहको दाह्रीमा अल्झिएर
गुरू नानकको फेटाभित्र
निसास्सिएका जुम्राहरूझैँ
चहल-पहल सल्बलाएको देख्छु
मात्र सुक्ष्म सुरूङ्गे दृष्टि लिएर।

संसार एउटै भए देखिन्
किन हकअधिकार समान रहन्न ?
सिमाना लगाई छेकथुन गरिनु हुन्न
उही माटोमा जन्मिएर
स्वतन्त्रताका साथ धर्ती टेक्न पाउनु पर्छ
जल सेवन गर्न पाउनु पर्छ
राहदानीको सीमित रेखाङ्कन गरिनु हुन्न

व्यक्ति-व्यक्तिबीचको भेदभाव गरिन हुन्न
बौद्धिक तथा भौतिक उपभोग्यहरूको
फरक-फरक वातावरण सृजना गरिनु हुन्न ।

चन्द्रमा जुरुक्क उठिन् भद्र मुस्कुराहटमा
हरे ! म त एक पक्ष नै निदाएछु क्यार
पूर्णिमाको टहटह उज्यालो
शीतल कोमल हातले सुमसुमाइरहेकी
मामाहरूको मुस्कुराई
उच्च अदालतले
समान अधिकारको फैसला सुनाएछ क्यारे !
भाञ्जाहरू अति व्यस्त
गाँस, बास, कपासको टुङ्गो लागेछ क्यारे !

आहा ! सगरमाथाको चुचुरो
टलटल टल्किरहेको
संसार भेदभावरहित भएछ क्यारे !
अट्टाहासपूर्ण खित्काले स्वप्न भङ्ग हुन्छ
धत्तेरिका ! एक पक्ष नै निदाइएछ ।

●

*१५ नोभेम्बर २००८, भानुभक्त जयन्ती बेलायतमा वाचित तथा बगैँचा डटकम, नेपाली समाज, अनलाईन लिटेरेचर्स, साहित्यघर आदिमा प्रकाशित*

# रक्सी

मैले रक्सी पिइनँ
उसले पो मलाई पिएछ ।

एक दुई घुट्का, कप गर्दागर्दै
दुई चार बोतल रित्याएँ
आँखा तिरमिर भई ताराहरू झुल्किए
उज्यालो भो जताततै आगो भै दौडिएँ
मैले रक्सी पिइनँ
उसले पो मलाई पिएछ ।

मैले नशा पिइनँ
प्रियसीको याद पिएँ
उनको खुशीमा आज
आफै बेहोस भै दिएँ
मैले रक्सी पिइनँ
उसले पो मलाई पिएछ ।

पखेटा पलाएथैँ
तब आकाश मार्गमाझैँ उडेँ
कान्लामाथिबाट धर्मरिँदै
तीन चित परी ढाड खुस्काएँ
ऐया ! मैले रक्सी पिइनँ
उसले पो मलाई पिएछ ।

अजङ्को राक्षस भई
उसलाई भुसुना देखेँ
मुक्का प्रहार गर्दाखेरी
आफै भुइँमा पछारिएँ
ऐया ! मैले रक्सी पिइनँ
उसले पो मलाई पिएछ ।

ख्याल-ख्यालमा खुकुरी उज्जिए
निहुँ खोजाखोज भए
लौ काट, तैँ काट भनिए
हातहरू मिसामिस भए
मैले रक्सी पिइँन
उसले पो मलाई पिएछ ।

मित्रहरू शत्रु भए
दुई चार थप्पड को कसले दिए
दाँतहरू उछिट्टिए
भुइँमा एक्लै छोडी गए
ऐया ! मैले रक्सी पिइनँ
उसले पो मलाई पिएछ ।

रातभरि कहाँ लडेँ थाहै भएन
आफ्नै ओछ्यान सम्झिएँ
नशा छुट्यो थुइक्क म
फोहोर नालीमा लडेको पाएँ
मैले रक्सी पिइँन
उसले पो मलाई पिएछ ।

अनुहारभरि नीलडाम सुनिए
उसको हो कि ? मेरो नचिनिने
छरिएका दाँतहरू सबै

कसका हुन् भन्नै नमिल्ने
ऐया ! मैले रक्सी पिइनँ
उसले पो मलाई पिएछ।

●

*अक्टोबर १९८९, पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित,*
*बि.एफ.बि.एस. (गोर्खा रेडियो कविताकुसुम कार्यक्रममा)*
*प्रसारित तथा कोइच बुमा प्रकाशित*

# आरु-बखडाको बोट

आरु-बखडाको बोट जिन्दगी भएर उभिँदा
हावाका झोँकाहरूले ढलफल पारिदिन्छन्
बैँशमा सेताम्मे फुलेका फूलहरू
भ्रमराहरूले खोर्सन नभ्याउँदै
धर्तीमा हिउँझैँ बिलाइदिन्छन् ।

गन्तव्य ठम्याउन नभ्याउँदै
शिशिरको कठाङ्ग्रिने तुषारोले
चिचिलाहरू बर्वरतापूर्वक झारिदिन्छन्
पूर्वमा हिन्दु र बौद्ध
माओइजम् र दलाइहरू
खै कुन हुन् ?
सगरमाथाको फेदीमा ओर्लिसक्दा
गृहयुद्धले क्षत्विक्षत
निर्दोष निमुखालाई दबाउने तमतैयारीमा छन् ।

बिडम्बना ! देश पीडामा छटपटाएको बेला
आरु-बखडा ठिङ्ग सुकेको रूखझैँ
मृत्युघण्टलाई कुरेर बसेको हुन्छ
हिमशिखर वाफमा परिणत भै
बादल बर्षा झरिरहेको हुन्छ
ती निर्दोषीहरूको आँखामा ।

मध्य पूर्वी जुडाई, ईसाई र अल्लाहहरू
राम बनबास गएपछि सीता हडप्ने दाउमा छन्
आफ्नै भूमिको सरणार्थी आराफतहरू
कतै पश्चिमामुखीहरूको चपेटाइमा
इमानदारीहरू धित्तो राख्दैछन्
सुकिसकेको आरू-बखडाको बोटझैँ ।

●

*२००१, बगैँचा, साहित्यघरलगायतका विभिन्न वेभ पत्रिकामा प्रकाशित*

# ढुङ्गाका मूर्तिहरू

खै ! के बिन्ति गराई भो र ?
ती ढुङ्गाका मूर्तिहरूसँग

जानेर ती निर्जीव हुन्
मन मान्दैन
देवताका आवरणधारी
दैवीशक्तिका आहुतिहरू
मान्छेजस्तो
न चल्न सक्दछन्, न ढल्न जान्दछन्
न हिँड्न सक्दछन्, न हिँडाउँन नै सक्दछन्
लाटोजस्तो
बोल्नु कि बोल्न दिनु
खै ! व्यर्थै के बिन्ति गराई भो र ?
ती ढुङ्गाका मूर्तिहरूसँग ।

बरू आकाश खस्ला, धर्ती फाट्ला
ग्रह–ब्रम्हाण्ड ध्वस्त होलान्
असम्भव के नै देख्दछौ र
कदापि ढुङ्गाको मूर्ति बोल्ने छैन
हजारौँ इच्छाधारी मानव
भो ! तिमी व्यर्थैमा बिन्ति नगर
ती ढुङ्गाका मूर्तिहरूसँग ।

ती के चाहन्छन्, के चाहँदैनन्
को बुझ्दछ ? को देख्दछ ?
मात्र मानव तिम्रो प्रार्थना
एकदिन व्यर्थैमा खेर जान्छ
र ब्युँझने छौ
अनि चिल्लाउने छौ बेस्कन
बेकार–बेकारमा
अनि भन्ने छौ
खै ! के बिन्ति गराई भो र ?
ती ढुङ्गाका मूर्तिहरूसँग ।

●

*पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित तथा*
*बि.एफ.बि.एस. (गोर्खा रेडियो कविताकुसुम कार्यक्रम) बाट प्रसारित*

# सत्य

ऊ डाँको छोडेर रुँदै थियो
मनमा अशान्तिले छाएको थियो
तिमी को हौ ? किन रोयौ ?
उसले नाम 'सत्य' बतायो ।

हो, सत्यहरू यसरी नै रुँने गर्दछन्
पीडामा पिल्सने गर्दछन्
ज्वालामा जल्ने गर्दछन्
गहिराईमा डुब्ने गर्दछन्
पक्कै ज्यानको बाजी थाप्दछन्
किनकि शिखर उनीहरूलाई पर्छ ।

साँच्चै हो
सत्यहरू लुटिने गर्दछन्
सत्यहरू मिचिने गर्दछन्
छट्पटाहट जीवनको
आँसु लुकाएर
असत्यलाई
क्षणिक हाँसो दिने गर्दछन्
अनि त
पीडामय शिखर उक्लने गर्दछन् ।

सत्यहरू खुल्ला हुने गर्दछन्
बराबरी दृष्टि फाल्ने गर्दछन्
आफू मरेर अरूलाई बचाउने गर्दछन्
हो यथार्थमा,
सत्य मरेर बाँचेका हुन्छन्
त्यसैले अमर हुन्छन् ।

●

*२७ फेब्रुअरी १९९२, पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित तथा बि.एफ.बि.एस. (गोर्खा रेडियो कविताकुसुम कार्यक्रम)मा प्रसारित*

# पोखराको सम्झना

मन यो मेरो झुमेर रह्यो
पोखरा बजारमा
माछापुछ्रे चियाउँदै हेर्छ
त्यो फेवातालमा ।

डुङ्गामा चढी रमझम गरौँ
शान्त यो मन पार्न
देवीको मन्दिर तालको बीचमा
खुशीले गर दर्शन ।

डुबुल्की मार्दै तालमा पौडी
जान्दछ जो खेल्छ
मन यो मेरो त्यही झुमिरह्यो
झन अझ उर्लन्छ ।

आँखाले हेरी साध्य नै छैन
हरियाली रानीबन
गुफामा पस्यो त्यहीँभित्र रह्यो
चञ्चले मेरो मन ।

अँध्यारो हुन्छ बिजुली बाली
हेरौँ न गोरेटो
उकुस-मुकुस सानो त्यो प्वाल

मुस्किलले निस्केको ।

सेती त्यो नदी कता हो तल
लाग्दछ पातल
माछापुछ्रे स्वर्गझैँ लाग्दछ
हाम्रो हो नेपाल ।

छङछङ बग्छ उर्लँदै नदी
डराउँदै तल हेर
मन यो डुल्छ रमाउँदै
पोखरा बजार ।

क्या राम्रो फाँट कोदोको बाला
झुल्दछ लहलह
भुल्नै सकिन्न मातृको काख
हाम्रो छ स्वर्गस्थल ।

●

*७ मार्च १९९१, पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित र बि.एफ.बि.एस. (गोर्खा रेडियो कवितकुसुम कार्यक्रम) बाट प्रसारित तथा मधुपर्कमा प्रकाशित*

# तस्बिर हेर्दा

तिमी मुस्कुराइरहेछौ तस्बिरमा
साँच्चै त तिमी कस्तो छौ ?
पीडा छ कि, कतै तन दुखेको ?

आँखामा तिमीलाई टाँसेर
मुटुमा तिमीलाई बोकेर
दुख–सुखका क्षण काटिरहेछ
समयको तरबारले चट्–चट् ।

गुलाबी तिम्रो रङ्ग बदलिएन
घण्टौँ घोरिएर हेर्दा पनि
तिम्रो मुस्कान टुटेन
तर बोल्दै बोलिनौ तस्बिरमा
निष्ठुरी बनी टोलाइरह्यौ
सम्झनाले तिम्रो सताइरह्यो ।

तिमी भन्थ्यौ जिन्दगी अक्षर हो
जसलाई युगौँयुगसम्म पढ्नु पर्छ
तर म भन्छु
जति पढ्यौ उति गल्ती हुन्छ ।

बरू पाण्डुलिपि नहराउने गरी
एकैपल्टमा लेखिराखौँ कि !

यो जिन्दगीले कोल्टे फेरी हालेमा
शब्द-शब्द दोहरिने गरी
तातो स्वासमा प्रेमस्पन्दनका ढुकढुकीहरू बढेझैँ
सदा याद आइरहने गरी
प्रेमरस सम्झी पिइदिऊँ कि !

●

*२५ जुलाई १९९१, पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित*
*र बि.एफ.बि.एस. (गोर्खा रेडियो कविताकुसुम कार्यक्रम) बाट प्रसारित*
*तथा विभिन्न पत्रिकाहरूमा प्रकाशित*

# विल्टन टावर

पावर नै पावरले उभिएको
यो विल्टन टावर !
म धुइँधुइँती बन्दी घेराभित्र घुमिरहेको हुन्छु
कहिले उसले मलाई घुमाइरहेको हुन्छ
म टाढैबाट सलाम छड्काइरहेको हुन्छु
ऊ चुपचाप–चुपचाप उभिरहेको हुन्छ
म कहिले मूलद्वार रूँघिरहेको हुन्छु
ऊ मलाई वाई–वाई भन्दै गुड्की रहेको हुन्छ
म बैराग्यले छटपटिएको हुन्छु
ऊ मलाई क्वारक्वार्ती हेरिरहेको हुन्छ ।

मैले 'प' बोल्दा उसले 'ब' सुन्छ रे !
मैले 'ब' भन्दा उसले 'भ' सुन्छ रे !
ओठ र जिभ्रोको ताल सुर नमिल्दा
मेरो नेपाली बोलीलाई अङ्ग्रेजी भन्दै गरेको हुन्छ रे !
कतै आई.आर.ए. घुसिहाल्छ कि ?
शङ्कैङ्शंकाको मेरो दुई घण्टे गस्तीमा
पन्छीहरू गीत गाउने गर्छन्
लोखर्केहरू धुन सुनाउने गर्दछन्
खरायोहरू पुच्छर ठड्याएर नाच्दछन्
टावर टोलाइरहेको हुन्छ
म ड्युटी बजाइरहेको हुन्छु ।

एकदिन टावर टोलाइरहेको बेला
अनिष्ट पऱ्यो कि कसो ?
विन्जर जलेर खरानी भो !
अमूल्य बस्तुका धूवाँले वातावरण धमिलियो
तर टावरमाथिको पानीट्याङ्की सुस्ताइरह्यो
यता सरकारको तालमेलमा देश नै हलचल भो !
तर विल्टन टावर टोलाइरह्यो ।

तर एउटै कुराले अप्ठ्यारो तुल्यायो
न त उसको भाषामा पोख्त बनायो
न त म भाषाकृत नै बन्न सकेँ
उसको माटोमा उसकै भाषा बोल्न कर लगायो
तर मैले आमाको दूध पिएको धाक लगाएँ
मेरो जिब्रोले मातृभूमिको गीत सुनाएँ
यद्यपि ऊ पावरैपावरमा उभिरह्यो
म मेरो दुई खुट्टामा
यसर्थ
विल्टन टावर टोलाइरह्यो
टोलाइरह्यो ।

●

*२० मेई १९९३,- पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित र बि.एफ.बि.एस. (गोर्खा रेडियो कविताकुसुम कार्यक्रम) मा प्रसारित*

# इतिहासको पाना पल्टाउँदा छाती चिरिन्छ

हामी उपहार भै महायुद्धहरूमा
यज्ञमा होमिएका चरुभैँ
उकुस-मुकुस भई जलेका दाउराहरू
जलेर कालो खरानी भई
जब वीर शमशानसमान भयौँ
कसै-कसैले मनोरार्थमा
खुशीका साउती हाले रे !
बन्धु हो
इतिहासको पाना पल्टाएर हेर त !
तिम्रो पनि छाती चिरिन्छ ।

बाध्यतामा जलधारा रगतको
पुर्खाहरूले बगाई बहादुरी कमाए
विश्वका कुना-काप्चाका जनहरू
सगरमाथाको शीतल छहारीमा
बुद्धको शान्तिमय वातावरणमा हुर्किएका
नेपाली सुपुत्रदेखि डराई
मुटु छाम्न बाध्य भए ।

जब प्रशंसाका तक्माहरू

पुत्रहरूको छातीमा सजिँदा
समय कस्तो थियो ?
बाबुले छोराको बली दिनुपर्ने रे !
कसैले गोली ठोकी हालेमा
स्याबासीको हर्षासु झार्नु रे !
होइन भने वीर शहीदहरू कसरी मरे ?
इतिहासको पाना पल्टाइहेर त !
तिम्रो पनि छाती अवश्य चिरिन्छ ।

हीराले हीरा काट्छ
मह काढ्नेले हात चाट्छ
हिरोसीमा र नागासाकीमा
अणु बमको धूवाँ र धक्काले
तितरवितर छरिएका
चिरिएका छातीहरू
रातो दिन दोहोरिएर
प्राग्पोल्याण्ड, मेसोपोटामिया
सुडान, सिङ्गापुर, बोर्नियो
आदिमा चिरिएको छाती
अनेकौँ देश–देशान्तर घुमेर
फल्कल्याण्ड र अफगानिस्तानसम्ममा चिरिन्छ
इतिहासको पाना पल्टाइहेर त !
बन्धु हो
तिम्रो पनि छाती अवश्य चिरिन्छ ।

गल्लीका छाडा कुकुरहरू
मात्तिएर हिँड्दछन् बैँशले
घरका पाल्तु कुकुरहरू
घाँटीमा साङ्लो बाँधिएर
कुकुरे बैँशका सपनाहरू

ढोका–ढोकामा भौतारिएर
छटपटाई पोख्दछन्
पल्लोघरे छाउरीसँग
भोटेकुकुरको व्यबहार ठ्याम्मै मिल्दैन
तब त अर्को ग्रीष्ममा मालिकसँग
पश्चिमी तटतिर
घुम्ने आशामा झण्डिन्छन्
अनि त सय वर्षे आयुमा
सात मात्र बाँकी रहँदा
सात टुक्रा–टुक्रा भई छाती चिरिन्छ
हजारौँमा सबै भुस्याहा हुने रे !
पशुचिकित्सकलाई जँचाई
दुई चार बाँची अरू सबै मर्नु रे !
अनि त इतिहासको पाना पल्टाई
छाती पिटी–पिटी रूनु रे !

आफै हेर त
कस्तो छ हाम्रो छाती
जतातत्तै त्यस्तै चिरिरहन्छ
कहिले एकापासको कुटनीतिमा
नुन–तेल भई
दैनिक कच्चापदार्थमा चिरिन्छ
भक्तिभाव, शान्तिको बदला
कहिलेकाहीँ लङ्काका
काँचा गोलीहरूमा चिरिन्छ
हजारौँको सङ्ख्यामा
गाँस, बास, कपासविहीन हाम्रो छाती
दक्षिणतिरका सिमानाहरूमा
जबर्जस्ती कारबाहीसँगै चिरिन्छ ।

अनि कहिलेकाहीँ
बेचिएका सोझा चेलीहरूको
जताततै कोठरीभित्रको
बलात्कारको चित्कारसँगै चिरिन्छ
हो, इतिहाँसको पाना पल्टाइहेर त !
तिम्रो छाती अवश्य चिरिन्छ ।

●

*१९८८, बि.एफ.बि.एस. (गोर्खा रेडियो कविताकुसुम कार्यक्रम) मा प्रसारित*

# एक माघले जाडो जाँदैन

पुस सकियो
माघ सकियो, जाडो भाग्यो
यसपालिको माघ जसोतसो बित्यो
तर उसले धम्की दिएर गएको छ
ऊ फेरि पनि फर्कन्छ रे !
एक माघले जाडो जाँदैन ।

हो, ऊ फेरि पनि आउँछ रे !
शक्तिहीनहरूको मुटु कमाउन
जहरिलो बिष बोकेर अलिकति बढी
केही चिसो धक्का थपेर आउँछ रे !
नशाहरू विवश छन् कठाङ्ग्रिन
तसर्थ एउटा नयाँ कोट किन्नु छ
दुईटा रूख ढाल्नु छ
केही पत्थर-कोइला जोड्नु छ
केही हिटरहरू जडान गर्नु छ
किनकि त्यो माघ फेरि पनि आउँछ रे !
एक माघले जाडो जाँदैन ।

खै ! आउन त आउला त्यो माघ
तर कस्तो भएर आउला
मुसो भएर आउला कि बाघ

आँधीसँगै आउला कि बतास
शरद भएर आउला कि बर्षाद
प्रतीक्षा साँच्नु छ
सर्पको जिउँदो आहाराझैँ
हो, एक माघले जाडो जाँदैन।

त्यो अर्ति बनेर आउला कि गाली
औँला ठड्याउँदै आउला कि हात जोडी
दिनमा आउला कि राती
शत्रु बनेर आउला कि मितेरी
उसले धम्की दिएर गएको छ
कस्तो भएर केमा आउला
एक माघले जाडो जाँदैन।

म आतुर छु
कतै त्यो माघ वसन्तलाई नाघेर आउँछ कि ?
त्यसलाई हरियालीले लोभ्याउँदैन कि ?
कतै बर्षादको भेललाई नाघेर आउँछ कि ?
भेलले त्यसलाई बगाउँदैन कि ?
कतै शरदको सुन्दरतालाई कुल्चेर आउँछ कि ?
हो, फेरि पनि माघ आउँछ रे !

एकैचोटि आउँछ कि ऋतुहरूलाई पार गरेर
म आतुर छु अति आतुर
केही न्यानोहरू जोड्नु छ
एउटा नयाँ कोट किन्नु छ
किनकि फेरि पनि त्यो माघ आउँछ रे !
एक माघले जाडो जाँदैन।

●

*२७ फेब्रुअरी १९९२, पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित*

# आफूलाई खोज्दा

म आफूले आर्फलाई खोज्दै हिँड्दा
पिँजडाभित्र थुनिएको पाएँ
जेलभित्र जकडिएको पाएँ
स्वतन्त्रताको खोजीमा तड्पिएको पाएँ
मेरो इमान्दारी र देशभक्तिको बदलामा
सुलीमा चढाइएको पाएँ।

म शून्य ठाउँमा कता हो कता ?
एक्लोपन व्यतीत गरिरहेको पाएँ
बाटो पहिल्याउँदै जाँदा
काँडैकाँडा बिछ्याइएको पाएँ
अनि
बाढी, पहिरो र ज्वालामुखीले बगाएको पाएँ

उषाको लाली देख्ने आशामा
प्रतीक्षा गरिरहँदा
अँध्यारो रातले घेरिरहेको पाएँ
अरूको सूचक बन्न खोज्दा
हात-खुट्टा
अनि जिब्रो काटिएको पाएँ
जीवनभर तड्पी-तड्पी
आफूले आफैलाई हराएको पाएँ।

●

*बि.एफ.बि.एस. (गोर्खा रेडियो कवितार्कुसुम कार्यक्रम) मा प्रसारित तथा विभिन्न पत्रिकाहरूमा प्रकाशित*

# बुनाईमा डढेलो जाँदा प्रकृति र प्राणीहरूको प्रश्न

आजकाल म आफूले आफैलाई
थुप्रै-थुप्रै प्रश्न सोध्छु
म को हुँ ?
स्वाभाविक उत्तर जन्मँदैन
मेरा अगलबगलका बोटबिरूवाहरू सोध्छन्
तँ को होस् ?

म नाजवाफ मुन्टो लुकाउँछु
उनीहरू दुःख पोख्दछन्
यदि तँ कोही होस् भने केही गर
हामी त महापीडित छौ यसबखत
डढेलोले गाँस न बास बनाइसक्यो
श्वास फेर्न पनि असमर्थ भै सक्यौं।

हामीले श्वास फेर्‍यौं भने
तिमीले अक्सिजन पाउने छौ
होइन भने हामी जसरी डढेका छौं
तिमी पनि त्यसरी नै जल्ने छौ।

हेर मान्छे !
कार्बन मनोक्साईडयुक्त धूवाँले

सूर्यको किरण ढाकी हाम्रो पातका तत्वहरू
सल्फरडाईअक्साईडले नष्ट पारिदिँदा
हामीमा फोटोसिन्थेसिस् हुन नपाई
खाना बनाउन सकेका छैनौँ
हाम्रो प्रजनन् प्रक्रियामा ह्रास आउँदैछ
फलस्वरूप
हामी प्रसस्त फुल्न सक्दैनौँ, फल्न सक्दैनौँ
न त सन्तानोत्पादन नै गर्न सक्छौँ
कालान्तरमा यो बस्ती उजाडिन पनि के बेर ?

मिरमिरे बिहानीमा
उषाले घुम्टो नउघार्दै
म रातभरि निलेको बिषालु धूवाँ
खोक्दै ब्युझँदा
पन्छीहरू रूँदै बिलौना सुनाउँछन्
ए मान्छे !
तँ को होस् ? के गर्दैछस् ?
धन्न ! यो धूवाँमा तँलाई निद्रा लागेकै हो ?

ए मान्छे !
तेरो श्वास-प्रश्वास प्रक्रिया
बिषालु धूवाँमा हुँदैछ
अब तेरो आँखा, घाँटी, फोक्सो
अनि मस्तिष्कका इन्द्रियहरू
धुजा पार्ने छन् बिषालु किटाणुहरूले
तँ चुपचाप अरूको मुख हेरेर बस्
मात्र अब मृत्युलाई कुरेर ।

हामी पन्छी उडेर भाग्न लाग्दैछौँ
तर कठै !
ती घस्रने अरू स्तनधारी प्राणीहरूको

वियोग देखेर माया जाग्छ
हाम्रा गुँडका हुर्कंदै गरेका
सन्तानहरूलाई हेर्न मन लाग्छ
अफसोच ! हेर्दाहेर्दै
ती त खरानीमा परीणत भैसके
अब निर्लज्ज मान्छे !
तँ ! पनि चाँडै क्यान्सर र क्षयरोगको शिकार बन्दैछस् ।

मातृभूमिमा दाउराले खाना पकाएर खाँदा
निलेको धूवाँको धाक
एकदिन निस्कने छ र पछुताउने छ मान्छे !
ए मान्छे ! तँ को होस् ?
जो चौबीसै घण्टा दूषित धूवाँमा
श्वास फेर्दै हाँसिरहेछस्
अथाह बाँचिरहेछस्
अब तेरो आयु घट्दै छ
दिनप्रति दिन कार्बनमनोअक्साईडले ग्रसित
ए मान्छे ! तँ को होस् ?

●

# झरी

धुम्म कुहिरो, रिमझिम पानी
घाम-छाया, घाम-छाया इन्द्रै रानी ।

सप्तरङ्गी इन्द्रको धनुष
देखेर दङ्ग पर्दछ मनुष ।

तरर तप-तप झर्दछ थोपा
बाढी-पहिरो अब भने लौ खा !

चरी बिचरी परिछे बिचल्नी
घर त्यो गुँड उडाइदिन्छ हुरी ।

हात्तीसुँडे बहिदिन्छ धारा
खोला-बाढी उजाड्यो सारा ।

घाम-पानी, घाम-पानी शीतल छाया
सांसारिक व्यवहार यस्तै छ यहाँ ।

●

# सन्तानहरू

विश्व परिक्रमाको क्रममा
कुना-काप्चाहरूमा यत्रतत्र छरिएका
मेरा स्वप्नका सन्तानहरू
हात-मुख जोड्ने समस्या बोकेर
लाजको चिन्ह ढाक्ने प्रसङ्ग लिएर
आठ दिशा अष्ठमुखी !
समस्याको जहरिलो, निन्याउँरो मुखमा
कोही मुस्कुराइरहेछन्
कोही झोक्रयाइरहेछन् ।

मेरा छोरी सीताहरू
द्रौपदीहरू, भृकुटीहरू
परिस्थितिबस सुहाग लुटिएर
कुन कोठरीमा बलात्कारका शिकार बनिरहेछन्
खै ! कसले सुन्ने तिनका चित्कारहरू, दर्दहरू...
उफ ! के तिनका समस्याहरू टर्दै होला ?
कहिले समाधान होलान् तिनका समस्याहरू ?

भादगाउँमा स्याल कराउँदा
डरले हत्तपत्त लुगलुग काँप्दै
टुकुचाको ठूलो घ्याम्पोमा लुक्ने छोरा
ऊ पराइको बहादुर बनेर

ढोकाहरूमा, जङ्गलहरूमा
रणभूमिको लागि पालिएको कुत्ताझैँ
आँखाको सनकमा
मोटो मान्छे[1] र सानो केटो[2]लाई
साथी भनी अँगाल्न बाध्य भै रहेछ ।

यहाँको सजिलोमा गाह्रो मान्नेहरू
त्यहाँको अप्ठ्यारोमा जिउँदै छन्
उफ ! तिनका रहरहरू
सायद अझै पुगेको छैन होला ।

यहाँ आमासँग लाडे पल्टिएर
पुलपुलाइमा हुर्केको छोरा
उहाँ त खै ! के गर्दै होला
समस्याको झोली भिरेर
भोकै छ कि नाङ्गै ?
अनिद्रै छ कि सुत्यको सुत्यै
महलमा छ कि पर जङ्गलमा
सञ्चै छ कि एड्सले खाइसकेको छ
उफ ! त्यसको रहर
सायद अब त पुग्दै होला ।

●

*अप्रिल १९९२, पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित र बि.एफ.बि.एस. (गोर्खा रेडियो कविताकुसुम कार्यक्रम) मा प्रसारित तथा विभिन्न पत्रिकाहरूमा प्रकाशित*

---

१. मोटो मान्छे (फ्याट म्यान), ९ अगष्ट १९४५ का दिन जापानको नागासाकीमा खसालिएको अणु बम
२. सानो केटा (लिटल बोय), ६ अगष्ट १९४५ का दिन जापानको हिरोसिमामा खसालिएको अणु बम

# अधुरो सपना

कुन आशा लिएर जीवन पायौ
कस्तो-कस्तो इच्छाले मन छायो
आशाको उमङ्गले मुस्कुरायौ
खाली हात आई उस्तै जान्छौ ।

नवपालुवा जब हुर्कियौ, बढ्यौ
उमेर ढल्क्यो, नसकी तब लड्यौ
जङ्गल, पाखा हरियालीमा रम्यौ
हाँस्यौ, खेल्यौ, निकुञ्ज घुम्यौ

अपनायौ जीवनमा कुन लक्ष्य लियौ
गरूँला केही भन्दाभन्दै जीवन बितायौ
आँसु बगाई बैराग्यमा खुब रोयौ
खुशी छँदा खुबसँग हाँस्यौ र के पायौ ?

उजाडिएको जीवानमा हरियाली कहाँ ?
बालुवासरी मरूभूमि छ यहाँ
अन्तिम पलमा जाने हो कहाँ ?
कहाँबाट आयौ फर्किने त्यहाँ ?

घिट्घिटो मनको आशा झन बढ्छ
बालक छँदा खेलबाढमा बित्दछ

यौवन पाई झन जथाभावी डुल्दछ
बृद्ध भयौ अब सब कुराले छोड्दछ

कलिलो मुना टुसाउन लाग्दा
पूर्व क्षितिजमा सूर्य उदाउँदा
नवीनता आशा ज्योतिले छाउँदा
सकारात्मक भई कार्यहरू दोहोऱ्याउँदा

टुङ्गिन्छ एक अर्को सकिन्न
त्यस्ता हजारौं मनमा खिन्न
लोभले तान्दछ नयाँ काममा
लाग्दछ तब गर्न सकिन्न

मन उजाडिन्छ हावामा बतासिन्छ
पाइला टेक्दा भुइँ नै भत्किन्छ
भताभुङ्ग हुन्छ अनि झस्किन्छ
अधुरो सपना जीवनको त्यसै टुङ्गिन्छ।

●

*८ अगष्ट १९९१, पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित*

# अस्तित्वबोध

खै ! अस्तित्व महँगो छ भन्छन्
म त अस्तित्वहीन मान्छे
मलाई अस्तित्वको महत्व थाहा नभएरै होला
सोह्र कौडीहरूमा
तियाँ, चोका, पञ्जा र छक्काहरूसँगै
भोक, प्यास, निद्रा बिर्सेर
घोप्टी र ठाडीको चर्को स्वरमा
स्फूर्तिका साथ छाती पिटिरहेको हुन्छु ।

भन्छन् जुवाडे !
ऋण–महँगी, महँगी–ऋण
परिवारको सन्त्रास बिर्सेको छु ।

तिनै कौडीहरू
घोप्टी, ठाडी र चितपोटमा
अलिकति अस्तित्व हारेको छु
अलिकति अस्तित्व गुमाएको छु
खै ! कहिले जितेर फर्काउनु मेरो अस्तित्व ?
म अञ्जान छु
हो, मैले अस्तित्व गुमाएको छु ।

बाहुन्न पत्तिको त्रिपन्न खेल
ऐनाझैँ झलल्ल आँखामा झल्कन्छन्

किट्टी, जुटपत्ति, गोलखाँडी आदि इत्यादिमा
कहिले बास्सा, कहिले मेम
एकलकाँटे एक्कालाई
दशक–दशकहरू
पृथक–पृथक छुट्ट्याएर
अलिकति अस्तित्व लुटपुटाएर
गुटमुटाएर कसैलाई सुम्पेको छु
हो, मैले अलिकति अस्तित्व हारेको छु
हानेको छु, गुमाएको छु ।

जब म जुवा र तासमा
अलिकति अस्तित्व हारेर, गुमाएर
घर फर्कन्छु, डरले थर्कन्छु
अनि अलिकति सान्त्वनाको अभावमा
दुई चार बोतल रित्याइदिन्छु
सिध्याइदिन्छु, पिइदिन्छु
गल्लीगल्ली जथाभावी बकबकाउँदै
खुट्टा लर्खराउँदै, लर्बराउँदै
लक्ष्यविहीन हिँडिरहेको हुन्छु
हो, मन्दिरहरूमा, पाटीपौवाहरूमा
अनि फोहर नालाहरूमा
म लडेको हुदिनँ, मात्र शरीर
वा अलिकति अस्तित्व लडेको हुन्छ ।

मेरी श्रीमती ! बिचरी !
रातभरी अनिद्रै बसेकी हुँदो हो
अनि मेरा रगतहरू
फगत भोका–नाङ्गा
के गर्दा हुन् ? के खाँदा हुन् ?
के लगाउँदा हुन्? कहाँ सुत्दा हुन् ?

परीवारको दुर्दशाबाट
एक लाल, दुई लाल
अलिकति बढी अस्तित्व गुमाएको छु
हो, म अस्तित्वहिन मान्छे
अलिकति अस्तित्व हानेको छ
अलिकति हारेको छु, गुमाएको छु
मैले अस्तित्व गुमाएको छु।

●

*नोभेम्बर १९९१, पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित र बि.एफ.बि.एस. (गोर्खा रेडियो कविताकुसुम कार्यक्रम) बाट प्रसारित तथा विभिन्न पत्रिकाहरूमा प्रकाशित*

# आँसु

के हो त्यो आँखामा छचल्कने
मोतीको दाना होइन टिप्नलाई मिल्ने ।

सुन–चाँदी होइन त्यो गहना पहिरिने
को बुझ्न सक्छ त्यो बहेको कुन भावले ।

हर्षले हो कि दुःखले बर्सन्छ एकबार
छुट्याउँदैन कहाँ बस्ने हो झोपडी वा दरबार ?

सबैमा समेटिन्छ सानो वा ठूलो
प्राणीजगत्मा सदासर्वदा दोहोरिन्छ त्यो ।

●

*एथेन्सको झरी, केदार संकेतको कृतिमा समावेश*

# आधार

किन-किन मान्छेभित्र आशा पलाउँछ
मात्र बाँच्नको लागि ऊ छट्पटाउँछ ।

कहिले खुशीले गद्‌गद्‌ छ
दुःखमा हर तरह भौतारिन्छ
एउटाले सानो आशा देखाउँछ
अनि
किन-किन मान्छेभित्र आशा पलाउँछ ?
मात्र बाँच्नको लागि ऊ छटपटाउँछ ।

एउटा आकृतिले मनभित्रबाट
टाढा-टाढासम्म मस्तिष्क दौडाउँछ
मन्त्रमुग्ध ध्यानकेन्द्रित गराउँछ
किन-किन मान्छेभित्र आशा पलाउँछ ?
मात्र बाँच्नको लागि ऊ छटपटाउँछ ।

भिखारी राजा भएर राज्य चलाउँछ
नेता, धर्मगुरू, व्यापारी, वैज्ञानिक
सपना सजाएर अनेकानेक
बुनेर कल्पनाका गगनचुम्बी भवन
निश्चित एउटा आधार बनाउँछ
तेजावी ज्वालामुखी, भूकम्प

वायु, बाढी र पहिरोले ध्वस्त, ग्रस्त बनाउँदा
अझै किन-किन मान्छेभित्र आशा पलाउँछ ?
मात्र बाँच्नको लागि ऊ छटपटाउँछ ।

●

*जुलाई १९९८, पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित*
*र बि.एफ.बि.एस. (गोर्खा रेडियो कवितकुसुम कार्यक्रम) मा प्रसारित*

# भताभुङ्ग

टुक्रिएका सपनाहरूलाई बटुल्न खोज्दा–खोज्दै
जिन्दगीका सारहरू बिलाइसकेछन्
हृदयका भावहरू पोख्दा–नपोख्दै
ढुकढुकी नै रोकिएर रास भएछन् ।

उडी जाने बादलझैँ मनको ठेगाना छैन
चुडिलाने फूलझैँ लत्रेका परेलीमा
आशाहरू जमाइराख्न सकिँदैन
छातीभित्रको व्यथा कठिन छ बुझिँदैन ।

थोपा–थोपा आँसु पनि बगिदिन्छ
क्षणक्षण मै बिछोडिएर जाने यात्रुझैँ
प्यासी मन शान्त रहन्न सधैँ उजाडिन्छ
मिल्दैन अडिने ठाउँ लाग्छ सर्वत्र शून्यझैँ ।

●

*२७ अगष्ट १९९२, पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित र बि.एफ.बि.एस. (गोर्खा रेडियो कविताकुसुम कार्यक्रम) मा प्रसारित*

# बिडम्बना !

जीवनदान दिएर उद्देश्यबिहीन
महासागरमा लक्ष्यबिहीन
भौताएरको डुङ्गाझैँ
देश, परिवार, सन्तती त्यागेर
परदेशममा मात्र
दुई हात–मुख जोड्ने समस्याले
गुहार माग्न पुगेको छ एउटा मान्छे !

यता न उता भताभुङ्ग
भत्किएको पर्खालभित्र
भविष्य बन्दछ अन्धकार कोठरीभित्र
मातृभूमिमासमेत दोस्रो दर्जाको
नागरिक ठहरिने ऊ
पराई गाउँमा त स्तर के पाउला र ?

मानवाधिकारका फोस्रो आश्वासनधारीहरू
मानवाधिकार बाँड्दै छन् आज
बम, बारूद, ट्याँक
र लडाकू बिमानको सहायताले
रक्तपिपासु पाटेबाघझैँ सत्ताधारीहरू
मान्छे–मान्छेबीचको फरक देखाउँदछन् ।

काला–गोरा
ठूला–साना
धनी–गरिब
छुत–अछुत
पीडित वर्गहरू कति थिचिइनु
अदृश्य भगवान भनाउँदाहरू पनि
पीडित वर्गहरूदेखि टाढा हुन्छन् रे
उफ ! यो कस्तो बिडम्बना !

●

*पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित र*
*बि.एफ.बि.एस. (गोर्खा रेडियो कविता कुसुम कार्यक्रम) मा प्रसारित*

# दफा नम्बर एकलाई पत्र

प्रिय मित्र दफा नम्बर एक
तिमी दुनियाँको पुल बनेर
मान्छेलाई वारपार गराउँदछौ
कति तरे, कति फर्के ?
मैले देखेको छैन ।

तर
जब म तिमीबाट पारि तर्न खोज्दछु
अचानक तिमी लण्डनको पुलझैँ
जुरुक्क माथि उठी तगारो बन्दछौ
अझ तिमी त विशाल पहाड पो बन्दछौ ।

सायद
तिमीले मलाई 'कुकुर'जस्तो देख्दा हौ
तिमीलाई म मान्छे नै देख्दछु
तर
तिम्रो व्यवहार 'ब्वाँसो' बनेर
मलाई अवाक बनाइदिन्छ ।

तिम्रै हातमा डाडु र पन्यु
तिम्रै हातमा ह्याण्डल र ब्रेक
तिमी नै हौ दफा नम्बर एक ।

सङ्घर्षशील जीवन जीउनु
आफ्नो अधिकारको लागि लड्नु
'ब्वाँसो'जस्तो व्यवहारलाई
दुनियाँसामु झुकाउनु
परिश्रम सदा कार्यरत रहने छ ।

●

# जीवन

सपनाहरू चपाएर कुरूम-कुरूम
बिपनाहरूलाई कुल्चिएर
पथभ्रष्ट यात्रीझैँ
ढलफल-ढलफल, अलमल-अलमल
केही सुस्ती
लक्ष्यविहीन भएर ।

कैँयन बसन्तहरू पार गरेर
फुल्न नसकेको फूलझैँ
मानौँ नपुंसक हो नपुसंक
कैँयन बर्षादहरू पार गरेर
मझधारको चट्टानझैँ
मानौँ
कुनै भेलले डगमगाउन सक्तैन ।

बाँच्नुको अर्थमा केवल साँझ-बिहान
हात-मुख जोड्ने समस्यामा जगडिएर
लाजका चिन्ह ढाक्ने प्रसङ्ग लिएर
रात गुजार्ने झोपडीको आवश्यकतामा
भुमरीहरूमा होमिँदै
व्यतीत भएका जीवनहरू !

कलिलो खुट्टामा
अलिकति ठेस लगाएर
कलिलो ओठमा
स्नेहको भाव लुकाएर
कलिलो आँखाका
रसहरू रित्याएर
ढुकढुकी हराएको
रित्तो, अति रित्तो छाती बोकेर
लक्ष्यबिहीन हिँडिरहेको
एउटा यात्री हो जीवन !

●

*फेब्रुअरी १९८२, पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित र बि.एफ.बि.एस. (गोर्खा रेडियो कविताकुसुम कार्यक्रम) मा प्रसारित*

# मजबुरीहरू

एक नवयुवक
जो चोरीको अभियोगमा
हातमा हत्कडी बाँधिएर
जेलखानातिर लगिएकोलाई मैले सोधेँ
'किन चोरी गरेको मित्र ?'
'उसले भन्यो परिस्थितिबस,
कामको खोजीमा आधा यौवन बितिसक्यो
जाति, नाता, कृपा र चाकडीवादको मात्र
हात, मुख हुँदोरहेछ
कैयौँ दिन भोक र प्यासले भौतारिएर डुल्दा-डुल्दा
एकदिन पापी पेट भर्नैपर्ने
यस्तै मजबुरीले गर्दा चोरी गरेको रे !'

अर्को युवक
जो स्वदेश छोडी बिदेशिएकोलाई
कालो धन कमाउने आशा बोकी
भागेर हिँडेकोलाई सोधेँ
किन विदेशिन मन पर्‍यो मित्र ?
उसले भन्यो-
स्वदेशमा केही छैन रे !
बल्लतल्ल बिदेशी सहयोग पाए पनि
ठीक ठाउँमा लागू हुन्न रे !

काम, दाम र मामको खोजीमा
सपनाको स्वर्ग खोज्न हिँडेको
उसको मजबुरीको कथा थियो त्यो।

टाढा-टाढा बिरानो ठाउँमा
घुम्दा-घुम्दै बाटो भुलेर
कोठरीका नगर नायिकाको कथा सुन्दा
गाँस, बास, कपासको खोजीमा
मजबुरी निभाएको उत्तर थियो त्यो ?

एउटा रोइरहेको बालकलाई सोधेँ
किन रोएको बाबु ?
बिचरा ! भोको छ रे !
कपडा थोत्रिएका थिए
हात, मुखमा फोहर जमेका थिए
ओठ फुस्रो र सुकेको थियो
शिक्षाको त के कुरा
भिक्षा पनि नमिल्ने अवस्था थियो
उसका जन्मदाता छैनन् रे
यस धर्तीमा
दयनीय थियो उसको मजबुरी थियो त्यो।

थाप्लोमा नाम्लो सजाएर
पिठ्युँमा ढाकर बोकेका भरियादाइलाई सोधेँ
साहुको भारी बोकेर
ऋणको ब्याज मात्र मिनाहा हुन्छ रे !
मात्र एकछाक टार्न
चरक्क चर्किएको पाउ बजारेर
सानी र भुन्टेलाई भतुवा लगाएर
कर्तव्यपथमा लम्किरहेको
बिचरा ! भरियादाइको मजबुरी !

अनुहारमा कालो मोसो पोतिएर
बालुवा पैँतीस पाउण्ड लादिएर
राईफल छातीमा भिरेर
कालो बुटमा पट्टी कसेर
तालिम गर्न हिँडेको सिपाहीलाई सोधेँ
उत्तर मिल्यो मजबुरीको ।

मुखमा जे आयो त्यही
प्वाक्क बोल्ने सज्जन बृन्दहरूसँग
मेरो बिन्ति छ
कतै चोर, नगर नायिका, बिदेशिएका
वा बेचिएकाहरूको
कलेजो छिया-छिया हुने गरी गाली नगर
केही भन्नु पहिले केही सोच, सोध
किन ती त्यस्ता भए
सक्छौ भने हल गर्ने प्रयत्न गर
तिनका मजबुरीहरूको ।

●

*पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित र*
*बि.एफ.बि.एस. (गोर्खा रेडियो कविताकुसुम कार्यक्रम) मा प्रसारित*
*तथा विभिन्न पत्रिकाहरूमा प्रकाशित*

# युवती

युवती तिमीलाई
मेरो नेपाली कान्छीको चौबन्दी चोली
कम्मरमा पटुकी, बुट्टे साडी
स्याउजस्ता राता-राता गाला
ढुङ्ग्री-मुन्द्रीले सुशोभित
यौवनको गोप्य मुस्कानसँग दाँज्दा
कता-कता खल्लो लाग्छ।

तिम्रो ती लामा केशराशी
कटाक्ष नजरको हेराई
उठेको वक्षस्थल
अनि सुमधुर मुस्कानलाई
अपनाउन मन लाग्छ
तर
कतै गुलामी, नोकर शब्दले
सम्बोधन गर्लाऊ कि भन्ने डर लाग्छ।

डिस्को र ब्रेक डान्समा होइन
डम्फुको तालमा नाच्न सिक
झिलिमिलि तमासे पहिरन होइन
टोपी-पटुका
दौरा-सुरुवाल लगाउन सिक

कङ्गो र गितारमात्र होइन
डम्फु पनि बजाउन सिक
दुई दिने रमझम होइन
आफ्नो संस्कृतिलाई सम्झने गर ।

●

*२५ जनवरी १९९०, पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित र बि.एफ.बि.एस. (गोर्खा रेडियो कविताकुसुम कार्यक्रम) मा प्रसारित*

# नरिसाउनुस् है !

छातीमा नम्बर टाँसेर
ऊ लाम लाग्यो खसीझैँ छानिनलाई
बलीको बोको त हैन बिचरो !
उसको परिस्थितिले बलीमा चढाउँदै छ ।

त्यसभित्र पनि कैँयन कहानीहरू
लुकेकाछन्, छिपेका छन्
गुम्सिएका छन्
कसम खाएको छ
इमान्दारीको उसले
अब डोरिँदै छ अञ्जान पथमा ।

ऊ अब फेरि एकपल्ट बालकझैँ
घस्रनु कर लाग्यो
अरूले चपाएको खाएर
जीवन धान्न बाध्य भयो
गरोस् नै के र बिचरा !
परिस्थितिबस् ।

सपना नानाथरी साँचेको हुँदो हो
स्वर्गसरी बिदेश सम्झेर
कुन्नि कता हो हावामा उडेर गयो

अब उसको जिन्दगी सस्तोमा बिकेको छ ।

टक्क उभियो, झलक्क हे¥यो
सपनाजस्तो जीवनमा एकबार
खुट्टा जोडेर, हात बगलमा च्यापेर
शरीरका सारा इन्द्रियहरूलाई कसेर
तनक्क तन्कियो, फनक्क फर्कियो
हर्षले गद्गद् एकपल्ट गर्जियो
कहिलेकाहीँ रिसले काप्यो
'सिनियर' आएर बेस्कन झाँट्यो ।

कहिले सिपाही, कहिले बेरा
कहिले नोकर, कहिले झाडुवाला
मीठो कल्पना मनभरि सजाएर
बितायो रातदिन मूलद्वार रूँघेर ।

पालो आयो, घण्टी बजायो
घाँटी फुलाई छाती चर्कायो
ढ्वाँङको तालमा कदम चाल्यो
डाडु-पन्यू ठूलो भाँडोमा चोपाल्यो ।

घ्याँरघ्याँर गाडी मूलसडकमा
दुलादाली कुना-काप्चामा
व्यस्त बित्ने कसै-कसैको
डाँडाखोला पार गरेर
भारी बोकी कालो मोसो पोतेर
कैँयन उकालीहरू चढेर
कैँयन ओह्रालीहरू झरेर
पुग्दै नपुग्ने कसै-कसैको ।

सानेको गल्ती रिपोर्ट बढ्छ

गल्ती छैन भन्दा 'आर.एस.ओ.'
'बि.जि.एस.आई.' हेर भन्छ
पढ्यो, बुझ्यौ
'बोस ईज अल्वैज राईट' भन्छ
यद्यपि दफा नम्बर एक पक्डन्छ
ठूलाहरूको भित्रभित्रै मिलिहाल्छ
यस्तै छ हजुर पल्टने काइदा
नरिसाउनोस् है !

●

*डिसेम्बर १९९१, पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित र बि.एफ.बि.एस. (गोर्खा रेडियो कविताकुसुम कार्यक्रम) मा प्रसारित*

# नयाँ पिंढी

आजको यो पिँढी भुक्छ
परतन्त्रीले बिगुल फुक्छ
बाघदेखि डराउने कुकुर
पुच्छर लुकाएर भुक्छ
भुक्छ, भुक्छ र थाकेर सुत्छ
बिरालोको फुलाई देखि तर्सेर
स्यालसँग मामा–भाञ्जाको मितेरी गाँस्न पुग्छ

तर जे होस्
आजको यो पिँढी भुक्छ
अझ गम्केर भुक्छ र लक्ष्यमा पुग्छ
आफू नपुगे पनि आवाज पुऱ्याउँछ
बघिनीले दूध पिलाएको डमरूलाई
बाघले काँतर देख्दछ
अन्तत्वगत्वा मुखभरि थुक्छ

'अनि तँ पाजी काँतर
कसरी मेरो कोखमा जन्मिस्' भन्दै
जन्माउने बघिनीलाई बेस्कन झपार्छ
र एकदिन आफ्नै रगतलाई
ऱ्याल दुई थोपा चुहाएर
आफ्नै आहारा तुल्याउँछ

तर जे होस्
डमरूको नयाँ पिँढी
बाघ भै एकदिन घर्र-घर्र गर्जन्छ।

आमाको न्यानो मायामा कुना-कुना लुक्छ
र एकदिन लव-कुशलेझैँ
बाघसँग डमरू जुध्छ
जुध्छ, जुध्छ, सके मार्छ, नसके मर्छ
उपाय नलागे कुनै समयको प्रतीक्षामा
भाग्छ र लुक्छ
जे होस्, एकदिन जित्छ
अवश्य जित्छ र गर्वले गर्जिन्छ।

●

*सेप्टेम्बर १९९१, पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित र बि.एफ.बि.एस. (गोर्खा रेडियो कविताकुसुम कार्यक्रम)मा प्रसारित।*

# पल्टनघर

कहावत छ, मुर्खहरूको जमघट ।

कानुन
कानुन अन्धो हुन्छ भन्छन्
तर लँगडो पनि हुँदोरहेछ ।

अधिकृतहरू
एकाथरी
भगवान्‌समान मानिन्छन्
अर्काथरी
अलौकिक शक्ति प्राप्त ठानिन्छन्
सिमाना मिचेरै बचेर
आ–आफ्नो दुनो सोझ्याउन व्यस्त छन् ।

अमल्दार मास्तिर
कट्टर पुजारी वा भक्त भगवान्‌हरूको
कठपुतलीजस्तो
स्वार्थपूर्ति गर्नेले मुनि मार्छन्, माथि मोल्छन् ।

सेनानायकसम्म
सबैको सुसारे, अस्तित्वबिहीन मान्छे
आफै पीडित छ, घरको न घाटको ।

बाबुजी
तालिम पाएको छ, काम गर्न सिकेको छ
आफ्नै गर्दन जाने कुरो पनि गोप्य राख्दछ।

यातायात विभाग
सक्दो सरकारी तवरले यातायातको सहयोगी
एउटा पेवा मिनिबस छ आफै ठान्दछ उपभोगी।

खाद्यन्न विभाग
सिपाहीजस्तै अवस्थामा भए पनि
जसोतसो खाना खुवाउँछ
भि.आई.पि. भ्रमण र मेसिङ्ग मिटिङ्गको बेला
एकदमै स्वादिष्ट खाना खुवाउँछ।

बि.एफ.बि.एस.
चार घण्टे तैयारी समय पाए पनि
पुरानो कार्यक्रमलाई
भर्खरै प्राप्त समचार भन्दै सुनाउँछ।

दिदी–बहिनीहरू
सबै भन्छन् सि.एन.एन. सुन्नै पर्दैन
सम्पर्क राख्नोस् अनेकानेक समाचार सुनाउँछन्।

●

# म पनि विदेश जान्छु

म पनि विदेश जान्छु
रूखमा पात होइन नोट फल्छ रे उहाँ
सुनको खानीमा डुबुल्की मार्न पाइन्छ रे उहाँ
आनन्दको जिन्दगीमा
मानवअधिकार पाइन्छ रे उहाँ
पसिना, परिश्रम एकदमै
सस्तोमा बिक्छ रे उहाँ।

आफ्नो स्वार्थ र मनोरार्थको निम्ति
सौभाग्यशील सम्मान मिल्छ रे उहाँ
यता गरिबीको धारले छिया-छिया भए पनि
दुनियाँको वाह रे वाह मिल्छ रे उहाँ
उ पराईले कामको दाम
हजार-हजार कमाउँदा
उसको नजरमा धेरै बढी
तर दुई चार रूपियाँ मात्र मिल्छ रे उहाँ।

उसको टहलुवा वा पाले
अर्थात भाडाको टट्टु वा दरबान नै भए पनि
वीरबहादुर भन्ने सज्ञा त मिल्छ रे उहाँ
गल्ली-गल्ली वा पाटी-पौवामा
बिजोग अति बिजोग वा

बेढङ्गसँग रात गुजारेर घर फर्के पनि
लाटो देशको गाँडो तन्नेरी बनेर
क्या आनन्द
मलमलमा सुत्न पाइँदोरहेछ विदेशमा
बखान लगाउन पाइन्छ रे उहाँ ।

हो, म पनि बिदेश जान्छु
किनकि उसको भाषामा बेस्कन गाली गरे पनि
अर्ती भइदिन्छ रे उहाँ
उसले जति सुकै
अन्याय र अत्याचारको जाल रचे पनि
अन्धो गोरूलाई औँसी न पूर्णेमा भनेझैँ
विदेशमा न्याय पाइँदो रहेछ भनेर
भन्न पाइन्छ रे उहाँ
विरोधाभास मनभित्र दबाएर बाँचे पनि
बेस्कन बिरोध गरेँ भनेर
गफ लगाउन पाइन्छ रे उहाँ ।

उसको मनपरीमा चुपचाप-चुपचाप
घोडालाई लगाम लगाएझैँ सहँदा
विरोधाभासमा जिब्रो थुते पनि
वा बर्षौंको कैदी भए पनि
अर्थात गोलीको शिकार नै बने पनि
मेरोपन देखाएँ भनेर
झुट्टो ढाडस दिन पाइन्छ रे उहाँ ।

कलेजाका टुक्रा आफन्तहरूको निम्ति
अनेकौं दुख, कष्ट खेपेर, अस्तित्व बेचेर
भोग, प्यास, निद्रा त्यागेर
उसकै सम्झनामा हरक्षण जले तापनि
दुई दिन विदेसिँदैमा बिर्सिगा'को ?

घुर्की, धम्की र ठुस्की सुन्न पाइन्छ रे उहाँ
अनि विदेशको क्षणिक रङ्गमञ्चमा
आफन्त बिर्सन पाइँदो रहेछ भन्न पाइन्छ रे उहाँ
हो, म पनि विदेश जान्छु ।

●

# पर्दा पछाडि

यो कस्तो चक्रब्यूह अनि बाहुल्यता
बाहुपासका अट्टाहासहरू खाली हुन्छन् सदा
त्यो कस्तो निश्चिन्तक्षण अनि यो शून्यता
पाशविक हत्या हुन्छन् चाहनाका सदासर्वदा।

न त छुने गगनचुली तन्किएर हातले
न त चुम्ने श्वास तिम्रो टाढिएको ओठले
कस्तो विडम्बना !
बाँध्नु पर्ने इच्छा सदा साङ्लोले
कर्म हरे !
बेचैनी यो क्षण कति बिताउँ बैराग्यले।

मस्तिष्क अहो !
स्नायुका हर तनावमा
बग्ने के हो ?
रगत वा तिम्रो माया फगत
छटपटाहट यो बेचैनीमा गाँसिएको नाता
हुन सक्छ प्रष्टिएका यता अनि त्यता।

बिछोड हरे !
पीडा कस्तो बडो दर्दनात्मक
पल हरे

एकक्षण पनि काट्न मुस्किल
मधुर मुस्कानको छाप हृदय ओतप्रोत
सृष्टिको छटा यो गर्दै छ कि पक्षपात

पराकष्ट बाहुपास हुन्छ
खाली रित्तो-रित्तो
समयसूचक आफै भए
दौडाइदिन्थे छिटो-छिटो
प्रतीक्षा किन सदा-सदा भेट हुन्थ्यो
बरू सके नयाँ-नयाँ अरू सृष्टि हुन्थ्यो ।

●

*पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका)मा प्रकाशित*
*र बि.एफ.बि.एस. (गोर्खा रेडियो कविता कुसुम कार्यक्रम) मा प्रसारित ।*

# काल्पनिक जिन्दगी

महलभरि हिरा र मोतीले सुशोभित
सुखसयलका साथ बित्ने जिन्दगी
दुधेबालक काखीमा च्यापी
साहुको ऋणको बोझले
साँझ–बिहानको गाँस–बास खोज्न
मुग्लानतिर
जबर्जस्ती बसाइँ सर्नुपर्ने जिन्दगी ।

सुन–चाँदीको भाँडामा
नरम भोजन ज्युनार गर्ने जिन्दगी
पात अनि हात–हातमा
पसिनाको मूल्य
एकै फाँको मकै वा
खस्रो ढिँडो र गुन्द्रुकको स्वादले
आनन्द प्राप्त गर्ने जिन्दगी ।

गरिबको रगत–पसिना चुसेर मोटाउने जिन्दगी
परिश्रमको फल उल्टो पाउने
आश्रित भोका–नाङ्गा जिन्दगी
हरियाली बन–पाखा फूलहरूले सुशोभित जिन्दगी
अनि बम–बारूदले ध्वस्त
खहरे बाढी–पहिरोले पीडित

उजाड–उजाड भई कन पनि
आनन्दले बित्ने दुई दिने जिन्दगी

अपसरा–परीहरूले सिँगार पहिरिएझैँ
आफ्नै कुटिल चाहनामा तृप्त जिन्दगी
अनि विरहमा खरानी धसेर, जटा पालेर
जङ्गल–पहराका कन्दमुल खाई
ध्यानमग्न बित्ने जिन्दगी
यो कल्पनामा नअटेको
काल्पनिक जिन्दगी ।

●

*पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित र*
*बि.एफ.बि.एस. (गोर्खा रेडियो कवितकुसुम कार्यक्रम) मा प्रसारित*

# सम्झना

कस्तो नयन भुल्नै नसकिने
कस्तो बयान गर्नै नमिल्ने ।

जीवनको चाल व्यथामा डुब्छ
झझल्को तिम्रो आई नै रहन्छ ।

आँसुको थोपा शीत सरी
टिप्न खोज्दछ मोती सम्झी ।

सपना भङ्ग कल्पना टुट्छ
सोचेका सारा सिसाझैं फुट्छ ।

धेरै टाढा विवशतामा बाँधिएर
आँसुका दाना छचल्काउँछ ।

सुख–दुःखका क्षणहरूलाई
बिर्सन गएका ती पलहरूलाई ।

भित्रभित्रै ज्वाला फुट्छ
शान्ति तिमी सिवाय केले मिल्छ ?

●

*जुलाई १९९२, पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित र बि.एफ.बि.एस. (गोर्खा रेडियो कविताकुसुम कार्यक्रम) मा प्रसारित ।*

# सोच

विरही कथा मनैमा बोकी नपोख कसैलाई
छातीको चोट बराबर पर्दछ दीनदुःखी सबैलाई ।

खोजेर गर्न नसकिने के छ र संसारमा
देखेर पनि बुझ्न नै गाह्रो मनको भन्सारमा ।

उकालीमा चढेर पनि नहाल सुसेली
आँसुका धारा बहाएर पनि नभिझ्काउ परेली ।

अरूलाई भनी टार्नलाई गाह्रो मनभित्रका कुराहरू
गाएर हुन्न, रोएर जान्न लागेका पीरहरू ।

चुपचाप सहनु जितेर मनले पर्दछ जसलाई जे
मरेर जानु पर्दछ सबैले रहन्छ बाँकी के ?

●

*११ मार्च १९९३, पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित ।*

# लाहुरेको प्रियसीलाई पत्र

प्रिय ! चोखो प्यारसहित असीम माया
मेरो हृदयबाट अटुट सम्झना
तिमी त आफूलाई एक्ली ठान्दी रहेछौ
प्रतीक्षा गर
तिमी एक्लै कहाँ छौ र !
मलाई पनि तिमीलाई एक्लै छाड्न
कहाँ मन लाग्छ र ?

प्रिय ! तिमीलाई जस्तै मलाई पनि
माटो को माया लाग्छ
अल्लारे बैँशको सपना जाग्छ
तर अफसोच ! त्यही माटोको माया ताजा राख्न
इतिहासको पानाभित्र अक्षरस भै
पस्न खोजेजस्तो लाग्छ
तर खै त
तिमीले त अझै पनि लाहुरेलाई पढेकै रहेनछौ
खै त अझै पनि लाहुरेलाई चिन्न सकेकै रहेनछौ
तिमी त सिन्दूर–चुराको कुरा गर्दिरहेछौ
अँगालोमा न्यानो माया खोज्दी रहेछौ

तर लाहुरे परिस्थितिले बाँधिएको छ यहाँ
कसैलाई माया गरिरहने

हरक्षण सिउँदो रङ्गिन देख्ने
रातारात करोडपति भई
सुखसयलको जीवनयापन गर्ने
यत्ति सानो भावना बोकेर
लाहुरे, लाहुरे भएकै छैन
ऊ त परिश्रमको पसिना बगाई
सबै शान्तसँग मातृभूमिमा जिएको हेर्न चाहन्छ
कसैबाट आफ्नाहरू नलुटिऊन् भन्ने चाहन्छ ।

प्रिय ! न्यानो मायाको छहारीभित्र मात्र
बाँच्ने आशा नगर
किनकि लाहुरेको छहारीभित्र त
बम–बारूदको धूवाँले ढाकिएझैँ लाग्छ
त्यसैले लाहुरे जीवनको भरोसा छैन
तिमीले पनि आफ्नो भूमिका
निभाउने बेला आइसकेको छ
तिमी आफू
कसैको मन बहलाउने साधनमात्र नठानिनु
आफूलाई यदि लाहुरेनी ठान्छ्यौ भने
हो, तिमीलाई पनि मातृभूमिको स्नेह जाग्ने छ
हाम्रो मायाको चिन्हलाई
सगरमाथाझैँ उभ्न सिकाउने छौ
बुद्धको शान्तिमय वातावरणमा
जिउन सिकाउने छौ ।

प्रिय ! तिम्रो कमजोरी भनाइ
अनि हस्ताक्षरलाई हेर त
कति कमजोर छन्
तिमी त एउटा लाहुरेको पत्नी हौ
त्यसैले जसरी लाहुरे
कठोर परिश्रम र स्थितिको सामना गर्दछ

तिमी पनि त्यस्तै हुनुपर्ने हो
यदि लाहुरे बम–बारूदसँग खेल्दैछ भने
तिमीले पनि खुकुरी र खुर्पा उध्याउनुपर्ने हो
इतिहास कोर्न
मस्तिष्क र कलम तिखार्नु पर्ने हो
तर तिमी त न्यानो माया मात्र खोज्दी रहेछौ
लाहुरे त्यसै लाहुरे भएकै छैन
उसलाई परिस्थितिले लाहुरे बनाएको छ
इतिहासको पाना र समयसँगै
तिमीले पनि काँधमा
काँध मिलाउनु परेको छ।

प्रिय ! लाहुरे कोकिन, हिरोइन
अनि सुन बोक्ने तस्करी तन्त्र भई
बिदेसिएको होइन
न कि करोडपति बन्ने सपना देखेर
ऊ त परिस्थितिसँग सामना गर्न
पूर्खाहरूको नाम अघि सार्न
लाहुरे भएका छन्
त्यसैले प्रिय तिमी पनि
आफु उभिएको परिधिभित्र
दह्रो भई खडा हुन कोशिश गर
न कि डरपोक नजर लिएर होइन
तिमी पनि दुई चार कदम अघि लम्क
जुन बाटो अरूले पनि हिँड्न सिकून्
मुटुभन्दा बढी माया
तिमीलगायत मातृभूमिप्रति
बिदा माग्यो यो लाहुरेले।

●

*१९९१, बि.एफ.बि.एस. (गोर्खा रेडियो कविताकुसुम कार्यक्रम)मा प्रसारित।*

# तीन टुक्रा

## पत्र

जब दिन बित्दै जान्छ
नयाँ वातावरणमा मान्छे
एकले अर्कोलाई बिर्सने
अर्कोले अर्कैलाई सम्झने
नयाँ–नयाँ क्रमहरू
क्रमशः रातपछि दिन सँगसँगै
फेरिँदै, पलाउँदै, हराउँदै जाँदा
सम्झनाको एक टुक्रा कागज आउँछ
अतीतको याद ब्युँझाई ताजा राख्न
यतिञ्जेल ईमेलमा परिणत भै सकेको छ ।

## डायरी

हरेक क्षण, प्रत्येक कदम
मस्तिष्कमा उब्जेका भावनाहरू
लागू भएको, भइरहेको र हुने कार्यक्रमहरू
क्रमबद्धसँग टिपोट गरिने किताब
जीवनको अमूल्य पाना हो डायरी ।

## पुस्तक

तिमी अन्धा हौ
तिम्रो यात्राअवधि लामो छ

छामछाम–छुमछुम गर्दै
यदि कतै हराएका छौ र
कुनै पनि पुस्तक पढ्छौ भने
भित्रीय रोशनी दिई
सुमार्गतिर डोऱ्याउने
एउटैमात्र सजिलो
भरपर्दो माध्यम हो
पुस्तक ।

●

*२६ मार्च १९९२, पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित ।*

# चक्षु

चर्म चक्षु बिषे कसिँगर
पीडा अहो ! कस्तो त्यो
आँसु बगिरहने बरर ।

नशा-नशा सञ्चित पीडा
जल्यो, पोल्यो भित्र-भित्र
मद्दत गर, लौ न गुहार ।

निस्किएन फुलो परिगो !
बन्द छ आँखा कानो भो !
कठै विचरा ! जताततै अन्धकार

हातमा लठ्ठी छ बोकेको
छामछाम-छुमछुम गर्दै हिँडेको
यो जीवनको के छ र भर ।

मन्दिर एवम् सडकको
अगलबगलमा बसेको
मालिक, साहेब भिक्षा देऊ न हजुर !

यात्री पनि रिसाए
देखिन्दैन कुन्नि के के दिए
आँखा नभए यस्तै छ संसार । ●

# सन्देश

म एक जोडी परेवासँग
शुष्क मन्द–मन्द बायुको बेगसँगै
शान्तिको सन्देश पठाइदिने छु
यहाँदेखि त्यहाँसम्म
प्रत्येक कर्णपटहरूमा
ठोक्किने छ शान्तिको ध्वनि
सचेत भै जाग्ने छन्
जनचेतना आउने छ

आँखा मिच्दै
टोपी ढल्काउँदै
खुकुरी भिरेर
दौडने छन् मानिसहरू
हातमा कुटो कोदालो लिई
गोड्ने र स्याहार्ने छन्
माटो खोतल्ने छन्
मलिलो बनाई उब्जाउने छन्
धानका बालाहरूले लहलह
धर्ती सिंगार्ने छन्, झुलाउने छन्
खुशीले गदगद भई
हाँस्ने छिन् धर्तीमाता

तन्नेरीहरू हातेमालो गर्दै
चाउरिएका गाला
खुम्चिएका नशा
हात–खुट्टा नचले पनि
बुद्धि, कर्म र बलले
पुर्खाहरूले सिके⁄सिकाएको
बाटो पहिलाउने छन्

नारी पुरूषसरह
खट्नेछन्, लड्ने छन्
आफ्नो अधिकार जोगाउन
एक पाइला
अघि लम्कनेछन् देशको खातिर
अबोध नाबालकहरूलाई
अमृतमय दूधको प्याला
देशभक्तिको पिलाउने छन् ।

●

# सुत्केरी

एउटा बालक नौ महिना गर्भमा
वर्कीफर्की चलमलाई ओर्लन्छ धर्तीमा।
अतीतका मीठा सपनाहरू सँगाली
खुशीले कल्पित हुन्छन् सुत्केरी।

कति मीठो प्यार मधुर मुस्कानहरू
सिन्दूर, पोते र नाडीका चुराहरू।
काम-बासना रोजेर रसपान भ्रमरलाई
कति मस्ती थियो तर आज पीडा छ उसलाई।

जोडा त्यो साथ भए अझ उमङ्ग बढ्दथ्यो
टाढा परदेशी भए सम्झी मन रून्ने भो!
कोपिला, कलिलो नवपालुवा मायाको बन्धन
एक्ली विरहिनी सम्हालिनु आमाको मन।

दुःख, पीडा, सङ्कटहरू साधन बन्दछ
समस्यासँग सामना गर्ने शक्ति बढ्दछ।
पति हुन् वा प्रेमी परदेशी हुन सक्छ ज्वलन
मायामा कल्पित कसरी होला प्रेमको निवारण।
कोही साहारा, दया-माया नजिक बसी दिने
नभई दिए बिचरी सुत्केरी कुना बसी रून्ने।

●

# संसार यस्तै छ

चराहरूको चिरबिर ध्वनि
शितल पवन बहिरहेछ
आँखा मिच्दै दाँवालीहरू उठी सके
झाडुको स्वार–स्वार आवाजमा
तातो चियाको घुट्कासँगै
जिन्दगीका क्षणहरू
घुटुघुटु पिइरहेछु ।

सुनौलो बिहानी गुमी सक्यो
सूर्यास्तपछिको रात
अब त चिउँडोमा हत्केला अडाई
अँध्यारोलाई कुर्नु सिवाय
अरू त के नै छ र ?
यो नर खोपडीमा
अनि सल्बलाएर बग्ने रगतसँग ।

यहाँ रगत, रगतको परिचय नै कहाँ छ र ?
मासु, मासुको नाता नै कहाँ छ र ?
हाड, हाडमा नै मज्जा छ
त्यसैले पोषणतत्वको भानमा
मैले उसलाई खाइरहेछु
तब त उसले मलाई

खाइरहेछ
चपाइरहेछ
घोटिरहेछ
पिँधिरहेछ ।

मेरो चिच्याहट उसलाई मन पर्छ रे
मेरो छटपटाहट ऊ हेर्न चाहन्छ रे
पानीबिनाको माछाझैँ तड्पिँदा
ऊ नग्नहरू तिखार्दै
दाह्राहरू बजाउँदै
थुकका घुड्काहरू निल्दै
खुशीसाथ निमोठ्न आउँछ रे
खित्का छोडेर हाँस्छ रे !

निर्दोष परेवाझैँ बन पाखा चहार्दै गर्दा
उसलाई बाज बन्न मन लाग्छ रे
झम्टेर तिखा नङ्ग्राहरू
कोमल शरीरको भित्री भागसम्म
दख्खल पुऱ्याउन पाए
ऊ सन्तुष्ट हुन्छ रे !
संसार यस्तै–यस्तै छ रे !

●

*१९८९, बि.एफ.बि.एस. (गोर्खा रेडियो कविताकुसुम कार्यक्रम) मा प्रसारित ।*

# आमा

म रणभूमितिर गए भने आमा !
छोरो मर्न गयो कहिल्यै नभन्नू
छाती पिटीपिटी कहिल्यै नरूनू
म रणभूमिमा मर्न गएको होइन आमा
म त केवल तिम्रो लागि रगत बगाउन तत्पर छु
तिमीले जुन स्नेहले दूध पिलायौ
संरक्षण गरी हुर्काई, बढाई
संसार चिनायौ आमा !

विश्वको अग्लो चुचुरा
सगरमाथाझैँ तिम्रो नाम राख्न
गौतम बुद्धलेझैँ
शान्तिको बाटो देखाउन
दुई थोपा रगत भुइँमा तप्प चुहे भने
सुकेर जाने होइन आमा
बरू करोडौँ योद्धाहरू
पाखुरी सुर्किंदै
पसिना बगाउन तत्पर हुँदा हुन् आमा !

कोशी, गण्डकी र कर्णाली
जसरी पहाडको कुनाकाप्चाबाट
सँगालिदै नदी भए

जसको उपयोग पर्याप्त मात्रामा गर्न नपाएर
हामी आफै कमजोर भइरहेछौँ
आज त्यो हटाउन
हामीजस्ता पुत्रहरूको
आमा ! तिमीलाई खाँचो पर्‍यो होला
क्षणक्षणमा वीर सहिदहरूको यादले सताायो होला
तर आमा
म रणभूमितिर गएँ भने
छोरो मर्न गयो नभन्नू
छाती पिटी-पिटी कहिल्यै नरूनू ।

●

*१९९०, पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित तथा बि.एफ.बि.एस. (गोर्खा रेडियो कविताकुसुम कार्यक्रम)मा प्रसारित ।*

# हेल्वान क्याम्प

आहा ! क्या आनन्द छ सिर्सिराउँदो बतास
देख्दैमा हिमालमातृको काखमा पुग्ने छ हतास ।

भेडा र गाईको बथानले उत्तरी भागको
सम्झना आलो दिलाउँदो छ मेरै नेपालको ।

हरियाली बन घाँसको फाँट ताँबेको डाँडाझैं
ती खोला–नाला कलकल बग्छन् मेरै देशमाझैं ।

चरीको बोली सुन्नै गाह्रो कसरी दाँजौं म
नजिकै छ त्यो सेतो हिमाल रोहार्पेंहु ।

तल क्या राम्रो बन चटक्कै मिलेको
हेलवान क्याम्पमा सैनिक साथीसँग छु हिंडेको ।

यो एउटा मुढो, श्वास छ र हिंड्यो हेलवान क्याम्पमा
मनचाहिँ उड्यो, सम्झना बोकी नेपालको काखमा ।

आकाश फाट्छ मन खुशी हुन्छ आहा क्या आनन्द
बदलिँदो मौसम बादलले ढाक्छ मन उजाडिन्छ ।

बर्सन्छ क्षणमा हात्तीसुँडे पानी निथ्रुक्क रूझाउन
पोचेसमा गोर्टेक्स बोकेको त्यो झरीलाई थाम्न ।

त्यो हेलवान क्याम्प सुनसान छ नजिकमा बाइबरू
क्या मिल्दा साथी माउरी जाति सहयोगी ड्राइभरहरू ।

देख्दामा काला बलिया मोरा खाइलाग्दा देखिने
बालकजस्ता जिस्किँदा सस्ता चड्काउन नमिल्ने ।

●

*१९९२, बि.एफ.बि.एस. (गोर्खा रेडियो कविताकुसुम कार्यक्रम) मा प्रसारित ।*

# ममताकी खानी

ए ममताकी खानी तिमी कहाँ छौ
कस्तौ छौ र के गर्दै छौ
कतै तिमी आनन्दमा छौ कि
जहाँ कृतिम उपकरणको त के कुरा
मेरा मस्तिष्क इन्द्रियमा अटाउँदैनन्
अनि अन्तरआत्माले पनि ठह्याउँदैन
गणितको त के कुरा
सौर्य वर्षको हिसाबले छुँदैन
कति टाढा छौ कति अलग छौ
खै म त केही पनि जान्दिनँ।

कतै मेरो मनभित्र बसेर
मलाई चञ्चल अति चञ्चल बनाउँदै छौ कि
म स्मरण गर्न सक्दिनँ
तसर्थ एकक्षण मौका देऊ
म तिमीलाई चिन्न सकूँ
ए ममताकी खानी।

कतै तिमी गोरो छौ कि
तर कालोको भावना मलाई दिँदैछौ कि
कतै तिमी उज्यालैमा बसेर
मलाई अँध्यारोमा जाक्दैछौ कि ?

मलाई विश्वास छ तिमीजस्तै भए पनि
मलाई माया गर्छौ
म त तिम्रो ऋणी नै हुँ
तिमीले मलाई छलकपट गर्दैनौ ।

कतै तिमी पृथ्वीको केन्द्र बिन्दुभित्र
अदृश्य भई लुकेकी छ्यौ कि ?
सङ्केत देऊ, भेट्ने उपाय देऊ
मलाई तिम्रो मायाको खाँचो छ
कतै महासागरको गहिराइमा छ्यौ भने
सूक्ष्म जलजीव बनेर तुरून्त आउँला
चुचुराहरूबाट तमासा हेर्दै छ्यौ भने
म परेवा बनी उडेर आउँला ।

कतै तिमी पारि किनारा बनेर
मलाई वारि किनारा तुल्याएकी छ्यौ कि
मलाई विशेष शक्ति देऊ
म माझधारको खोलालाई सुकाइदिने छु ।

जाडोमा छौ कि गर्मीमा छौ
पहाडमा छौ कि तराईमा छौ
ए ममताकी खानी !
तिमी मलाई केही माया देऊ ।

तिमी निष्ठुरी बनेर
जलमा छौ कि थलमा छौ
नवमा छौ कि कहाँ छौ
ए ममताकी खानी
तनमा छौ कि धनमा छौ
मनमा छौ कि पर अन्तरमा छौ
कडा छौ कि नरम छौ

तातो छौ कि चिसो छौ
केही त जान्न देऊ।

म त तिर्खाएको छु भोकाएको छु
तिमीलाई पाउन तड्पिएको छु
तिम्रो खोजीमा भौतारिएको छु
ए ममताकी खानी !

तिमीले मलाई माया गरेकै हुनु पर्छ
नत्र भने तिमी मेरो स्वप्नमा आउने थिइनौ
तिमी भएको सङ्केत नै दिने थिइनौ
ए ममताकी खानी
म तिमीलाई पुज्नेछु
आदर गर्नेछु
चुम्नेछु, आलिङ्गन गर्नेछु
सदा सदा साथमा रहनेछु
कृपया दर्शन देऊ
तिमीजस्तै अदृश्य बनाऊ
ए ममताकी खानी !
मलाई पनि तिमीजस्तै बनाऊ।

●

*१९९२, बि.एफ.बि.एस. (गोर्खा रेडियो कविताकुसुम कार्यक्रम) मा प्रसारित।*

# वर्तमान बोल्छ

ब्युँझ, जाग
वर्तमान झकझकाउँदै छ तिमीलाई
तिमी शताब्दियौँदेखि चिर निद्रामा
मस्त सपना देखेर भुलभुलाइयामा
जादुगरको जादुको खेलौनाझैँ
इशारा नै इशारामा ज्युँदै छौ।

मानौँ तिमीलाई मोहनी लागेको छ
पक्षघात भएको छ
वा तिम्रो मस्तिष्क ईन्द्रिय
किटाणुहरूले खाई सकेको छ

गलगाँडले उकुस मुकुस भएर
मुखको अल्सरले सताईएर
वा जिभ्रो कुष्ठ रोगले खाएको छ
बाँचेका छौ चुपचाप यसरी युगौं युग
अर्थात
फोक्सो टि. बि. ले भुत्रिएको छ
स्वर नली छिया छिया भएको छ
वा तिमी रक्त क्यान्सर पीडित हौ
मानौं तिमी अब चाँडै मर्दै छौ
तिमी मृत्युशैया बाट उठेर

एक पल्ट एउटा बाक्य सम्म ओकल्नु पर्छ
जो अति मूल्यवाण हुनेछ
करोडौंको हृदय छुने छ
सुनौलो अक्षरमा छापिने छ।

पूर्वका लाखौं अञ्जान गल्तीहरूले
अनेकौं झञ्जटहरूमा धडपकड तिमी
ढलफल धर्मरिन्दै छौ परिस्थितिबश
डरमर्दो छ तिम्रो अस्थिपञ्जर
भित्रिय नशाहरू छर्लङ्गै देखिन्छन्
तब त आङ्गमा परजीवि रमाई रहेछन्
उफ्रि रहेछन्, गर्जि रहेछन्
बिरूद्धमा औषधि प्रयोग गरेर
निर्धक्कसँग शान्तीमय भिडन्तमा
सम्भावित प्रस्तावहरूमा जित्नु पर्छ
तिम्रो सामु काल आई पुगेको छ
काँधमा जिम्मेवारीको झोली भिरेर
पछिल्ला पुस्ताहरूको निम्ति
गोरेटो निर्माण गरि दिनु पर्छ
जहाँ उनीहरूले निस्फिक्रि हिंड्न सकुन

तिमी आफ्नो मात्र दुनो सोझाउन नखोज
सन्ततीले युगौं युग सम्म जिउनु पर्छ
त्यो सडकमा हिंड्नु पर्छ
त्यसैले तिमीले बेलाको बोली बोल्नु पर्छ
यो महत्वको क्षणमा।

करोडौं आत्माहरू
आश्रित आँखाहरू
मुटुका ढुकढुकीहरू

स्पन्दनहरूलाई
केही सुन, केही पढ
बुझ र बोल
आशोन्मुख लिएर हेरी रहेछन् तिमीलाई
तसर्थ मनोबल अलिकति उकासेर
शाहस र धैर्यताका साथ कार्य गर ।

●

*१९९१ - बि.एफ.बि.एस. (गोर्खा रेडियो कबिता कुसुम कार्यक्रम) बाट प्रसारित ।*

# ॐ शान्ति

जब म रणभूमिको खेल सिकिरहेको हुन्छु
एउटा पन्छीले शान्तिको कोकिलकण्ठ ओकल्दछ
जब म हतियारहरू बोकेर लडाइँतिर लाग्दछु
मेरो हातमा एउटा शुभपत्र थामिन्छ

मेरो मस्तिष्क उजाडिन्छ
रगत बिस्तारै सेलाउँदै जान्छ
पोचेसमा बोकेको ग्रीनेड
मसीको भाँडो बनेको पाउँछु
मैले भिरेको राईफल
कलम बनेर खल्तीमा सजिएको पाउँछु
मैले भिरेको गोलीको माला
फूलैफूलको गुच्चा भएको पाउँछु
हेलमेट एउटा मानचित्र भइदिन्छ
म त्यसलाई नियालेर हेरिरहेको हुन्छु
त्यहाँ एउटा सानो चित्र देख्दछु
जहाँ गौतम बुद्धको जन्म हुन्छ
शान्तिको झण्डा सगरमाथाको चुचुरोमा
शान्तसँग फरफराएको देख्दछु
शान्तिको पाठ सिक्न विश्वभरिका मानिस
मेरो प्यारो मातृभूमि नेपाल गई
मन्दिरहरू, रमणीय ठाउँको भ्रमण

संसारको अग्लो चुचुरोको दर्शन गरी
ॐ शान्ति-शान्ति भन्दै फर्किरहेको देख्दछु ।

●

*१९८८, बि.एफ.बि.एस. (गोर्खा रेडियो कविता कुसुमकार्यक्रम) मा प्रसारित ।*

# एक्लो भँगेरा

ए ! खोई जोडी भँगेरा ?
ऊ खाली छैन पिँजडा ।

के खान्छ, कसरी बाँच्दछ ?
प्यारो सपना मृत्यु भई नाच्दछ ।

नयनभरि दुःखका रेखा
छुट्टिँदा जोडी लाग्दछ पीडा ।

चिरिन्छ मुटु भक्कानो उठी
मर्छु कि क्या हो, यो ज्यान सुकी ।

मायालु टाढा, बचेरा कहाँ ?
चिन्ताले रोई-रोई बस्दो उहाँ ।

खेलबिना शून्य छ संसार
दुःख र सुखमा के छ र अन्तर ?

बिनापीडा आँसु आउन्न
दुःखबिना सुख पाइन्न ।

●

# ब्युँझाइदिन्छ

जब म एउटा आस्थाको दियो बाल्छु
क्षणिकको पिलपिले उज्यालोले
एक छिन ब्युँझाइदिन्छ
अनि सिरसिरे बतासको फुर्काइमा
रोशनी हराइदिन्छ
र अन्धकारमा मलाई हुत्याइदिन्छ ।

जसरी म भविष्यका
स्वर्णिम सपनाहरू बोकेर
कल्पनाको आर्तनादमा डुबेको हुन्छु
आहा ! क्या मीठो सपना
मेरो कल्पनामा अटाउँदैन
ढिस्काहरू उक्लँदा पनि
सगरमाथाको चुचुरोमा टेकेझैँ लाग्छ
अफसोच त्यो मेरो पागलपना रहेछ
जब त्यसको भाव बुझ्दछु
मलाई सपनाको संसारबाट ब्युँझाइदिन्छ ।

म त केवल खुकुरी चिन्दछु
अनि वीर बलभद्र, भक्तिथापा
अमरसिंहको तैनाथमा थुपारेका
ती प्राचीन ढुङ्गा, मुढाहरूलाई चिन्दछु

अनि म चिन्दछु
ती बृद्ध, आईमाई र केटाकेटीहरूलाई
जसले वीर गोर्खालीको उपमा पाए
जसले अङ्ग्रेजको तोप, गोला बारूदलाई
सहजै छाती थापेर स्वागत गरे
त्यो जानेर मेरो अतीतले
फेरि पनि एकपल्ट ब्युँझाइदिन्छ।

क्षेप्यास्त्र, विकिरणको प्रहार
राडर, अवाकसको चतुऱ्याईंले
जङ्गबहादुर र हिटलरको स्मरणले
फेरि पनि मलाई
खुकुरी, भाला र ढुङ्गामुढा बोकेर
युद्धमा भिड्ने पुर्खाहरूको
तातो रगत र श्वासको सम्झनाले
एकपटक ब्युँताइदिन्छ।

एतातिर हिरोसिमा र नागासाकी
अनि अणु बम
उतातिर खाडी क्षेत्र
युद्धको बृक्षरोपण भइरहेछ
कतै यतातिर भुत्ते खुकुरी
अर्जाप्नुको औचित्य छ ?
मनभित्र साहसिक खुलदुलीले छाइरहेछ।

फेरि उतातिर बाजले
निमुखा पन्छी पञ्जामा राखेर
एक तमासले आकासिइरहेछ
मान्छेका हुलहरू ठाउँ-ठाउँमा थुप्री
यतातिर हाई-हाई भनी धपाउन खोजी रहेछन्
तर तिखा नङ्ग्राले कोपरेको ताजा शिकार

ऊ छोड्न तयार छैन
उल्टै मान्छेहरूलाई पनि
तिखा नङ्ग्रा देखाई झम्टी रहेछ ।

खबरदार ! मेरो शिकार
बिचरा ! निमुखा पन्छीलाई दुखेको
मान्छेका हुलहरूको हाई–हाईले
कहाँ निको हुन्छ र ?
आखिर दुख्ने मुटु न हो दुखिरहेछ
उसको दुखाईले
मलाई पनि ब्युँझाइदिन्छ ।

यतातिर प्रजातन्त्रका बलीमा चढिसकेका
सहदिहरूको रगतको खोलो
व्यर्थमा खेर नजाओस् भनी
सङ्गीहरू हातेमालो गरेर
संविधानको मुख हेर्न
तम्सिरहेको बेला
आवाज आउँछ
भाषणले पुग्दैन
थिचिने थिचिएको थिचिएकै छन्
शिर उठाउन पाएका छैनन्
थिच्नेले थिचेको थिचेकै छन्
शिर उठाउन दिएका छैनन्
प्रजातन्त्र ?
प्रश्नचिन्ह खडा गर्न लागेको छ
यो जानेर मलाई पनि
मेरो सपनाले ब्युँझाइदिन्छ ।

●

# वास्तविकता

ओहो ! नानी तिमी कति भाग्यमानी
लौ डोको थाप दुध अडिन्छ कि ?

कर्म राम्रो छ, मर्म नबुझे नि भो !
फरक छैन पक्का तिम्रै हात पर्छ त्यो ।

गदगद आनन्द ओँठ मुस्कुराट
जे गरे नि फल पाउन्न त धत्त !

कतै फटाहा पो बोल्यो कि ज्योतिषीले
भेटें त्यसलाई भने पक्का गाली गरें ।

आशा मनको, ढोका सबै बन्द
तिम्रो आफ्नै उदाहरण हेर ज्वलन्त ।

चन्द्रमा दाहिने तिम्रो सबै थोक बिक्छ
छैन भने हेर कस्तो हैरानी र दिक्क ।

काम हत्याउन सबै पार्दछन् ठिक्क
नचाहिंदा तिमीलाई थुक्दछन् पिच्च ।

●

# यात्रा

टुङ्गो छैन कहाँ पुग्ने मरीने नै हो कि ?
दुःख होईन, सुखै सम्झी हिंड्नु अघि लम्कि
हुरी, बतास, जाडो र झरी बास्ता नगरी
एकान्तमा रूँदा निभ्छ मनको ज्वाला कसरी ?

लक्ष्य बिहिन चङ्गा सरी ढलफल ढलफल गर्दै
चट्याँङ् झैं चम्कदैं अँध्यारोमा पर्दै
समुद्रको तरङ्गमा छल्की छल्की बग्दै
डुब्ने हो कि ? पुग्ने हो, छैन कुनै पत्तै ।

मन उड्छ कता कता गगनपारी पनि
हाँस्छ कहिले रून्छ पनि दुःख-सुख सम्झी
यस्तै रहेछ दुई दिने जिन्दगीको यात्रा
मुटु पनि जलि सक्यो भै टुक्रा टुक्रा ।

●

*४ अप्रिल १९९१ - पर्बते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित*

# एउटै बाटो

कति कमजोर छ यो शरीर ?
कहिले टाउको दुख्ने कहिले रिङ्गटा लाग्ने
तर मान्छेअनुसार दुःखाई फरक हुन्छ

आँखा फर्फराउने, कान बन्द हुने
नाक–मुख सुक्ने, श्वास बन्द हुने
देख्नेहरूले हेर, सुन्नेहरूले सुन
मात्र चुकचुकाउने हरूको
च्व च्व च्व सिवाय
सानो धर्ती ओगट्ने जीवसँग
आमाको न्यानो कोखिलाबाट उछिट्टिएको
एउटा चिसो जिन्दगीलाई छोएर हेर
चुपचाप चिसिएर लडी दिन्छ ।

घाँटी बाँङ्गिने नशाहरू बटारिई
हाडहरू खुस्कने कडा धक्कामा परि
हात खुट्टाहरू गुमी दिन्छन्
लङ्गडो, डुडो जिन्दगीलाई हेर
लठ्ठीको साहारा लिएर हिंडेको
अन्धाहरूलाई हेर, बहिराहरूलाई हेर
बाँचेको छ जिन्दगी कसरी ?
तिमी, हामी पनि त्यस्तै हुन सक्छौं

हामी कुनै धातुका होईनौ
हौं त त्यही नश्वर मांसपेशीका।

तर डाक्टरहरूलाई हेर, धामीहरूलाई हेर
औषधि र मन्त्रका फुस्रा धाकहरूलाई हेर
तिमी बिरामी छौ तिम्रो आशाहरूलाई हेर
कसरी नव पालुवा झैं पलाएका छन् ?

बोक्सी देख्ने झाँक्रीहरू
देवता भाक्ने मन्त्रहरू
आँखा, कान, मुटु, कलेजो र फोक्सो
हात, खुट्टा आदि कृतिम अङ्गहरू बोकेर
उ तिम्रो सामु डाक्टर आई पुगेको छ
नशा छाम्न लागि सकेको छ
बाँचिन्छ कि कतै धैर्य गर।

झाँक्री र डाक्टरहरू कतै देवदुत बनेर
औषधि र मन्त्रका पोकाहरू फुकाई
यमराजका दुतहरूलाई देखाई रहेछन् कि ?
बिष र बोक्सीका हुलहरू
कतै रगत चुस्न र सुकाउन
नसा नसामा बगि रहेछन् कि ?

अहँ थाहा छैन उनीहरू के गर्दै छन्
लाग्छ कतै नशामा फसिएका छन्
उनीहरूले महादेवको तीन नेत्र बले झैं
धनको पोको मात्र हेरे झैं लाग्छ
होईन भने बिचार गर त !
अस्पतालहरूमा
सर्बसाधरणको उपचार किन सहजै हुन्न
अनि

अवधि नाघि सकेको औषधिको पसल
कसको र किन हो ?

बिरामीको स्वास जान लागि सक्यो
थालीको अक्षता र फूलको बिचमा
पैसाको चाँङ् हेर्ने आँखा कसको हो ?
कति साँघुरो छ यो मष्तिष्क
कति साँघुरो छ यो गोरेटो
आखिर हिंड्ने बाटो सबैको एउटै हो
मृत्युलाई कुर्न सिवाय
अरू के नै बाँकी छ र ?

●

*१८८१ - बि.एफ.बि.एस. (गोर्खा रेडियो कविता कुसुम कार्यक्रम) बाट प्रसारीत*

# काल

कता जाऊँ, कता नजाऊँ
पथभ्रष्ट यात्री म
नृशंसहरूको जालभित्र
पिँजडाको सुगाझैँ
पिँजडाको फलाम ठुङ्दा–ठुङ्दा
बुच्चो भैसके ठुँड सकल मेरा
शक्तिहीन भएपछि
आत्मसमर्पण गरिदिएँ
एक उपासकझैँ उपासना गरेँ
ओसपूर्ण नयन लिई
कथोपकथन सैतान–भूतको
कल्पनासम्म गर्न सक्तिनँ।

कालो छ, त्यो काल रहेछ
बल्ल चिनेँ, त्यसको पञ्जा विशाल छ
उच्च अधिकारीझैँ सामुन्ने उभियो
सत्कार गरेँ, बलले फ्याँकिदियो
चिऱ्यो, फोड्यो लौन मलाई
ध्वंस गऱ्यो, भत्कायो सारा इन्द्रियलाई
निष्प्रभाले छायो, शक्ति ह्रास गरायो
मेरो केही जोड चलेन, अन्तरध्यान भयो।

●

# महङ्गी

ऊ टुप्लुक्क हिजोमात्रै आइपुग्यो
चौडाईमा चार गुणा बढेछ बजिया
मोटो, भुक्के न भुक्के भएछ
लम्बाई त नाप्न नै सकिनँ
चार वर्षअघिको जुत्तामा
चारको चार गुणा बढेर
उसले टुप्लुक्क मेरो सामुन्ने आएर सोध्यो
तेरो पनि तलब र पेन्सन बढ्यो के त ?

ऊ कहिले नून-तेलमा उफ्रन्थ्यो
कहिले खाद्यपदार्थमा र मद्यपानमा
त कहिले लत्ता-कपडामा
जग्गा-जमिनदेखि सारा उपभोग्य वस्तुमा
त्यस्तै गर्भे बालकलाई होस् कि
युवायुवती र बयोबृद्धप्रति
विवाह, जन्म र मृत्यु आदिमा
जथाभावी मनपरी उफ्रन्थ्यो
र मलाई बेस्कन जिस्क्याउँथ्यो
तँ सस्तोमा दुनियाँको शरण पर्
अनि एकदिन भोकै र तिर्खै मर ।

●

*२१ मेई १९९२, पर्वते (ब्रिगेड अफ गोर्खाजको पत्रिका) मा प्रकाशित*

## हार्दिक आभार

१. रमेश पौड्याल
२.